भक्तपुर बचत तथा ऋण
सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं.०१-६६१४६८६

**कानुनी परामर्श कार्यक्रम**

सदस्य महानुभावहरूमा सहभागिताको लागि हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**

मिति : २०८२ पुस २६ गते, शनिबार
समय : बिहान ७:३० बजे
स्थान : भक्तपुर साकोस, सभाहल

*आयोजक : ऋण उपसमिति*

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

★ वर्ष : २७ ★ अङ्क : ३५१ ★ ने. सं. ११४६ पोहेला गा, पञ्चमी ★ बिहीबार ★ २४ पुस, २०८२ ★ January 8, 2026, Thursday ★ मूल्य रु.५।- ★ पृष्ठ ८

नेपाल हृदयरोग निवारण प्रतिष्ठान
भक्तपुर शाखा

**२१ औं साधारणसभा तथा अधिवेशनसम्बन्धी सूचना**

यस संस्थाको २१ औं साधारणसभा तथा अधिवेशन निम्न मिति, समय र स्थानमा हुने जानकारीसहित सम्पूर्ण यशस्कर, अति विशिष्ट, विशिष्ट तथा आजीवन सदस्यहरूमा उपस्थितिको लागि सादर अनुरोध गर्दछौं ।

**कार्यक्रम**

मिति : २०८२ पुस २६ गते, शनिबार
समय : बिहान १०:३० बजे
स्थान : शारदा मा.वि., यालाछैं

पुनश्च : सम्पूर्ण सदस्यहरूमा पत्राचार गरिसकेको हुनाले कथंकदाचित पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थित भइदिनुहुन अनुरोध छ । ने.हृ.नि.प्र.

# वागमती प्रदेशको राष्ट्रियसभा निर्वाचनमा नेमकिपाबाट ढुकुछु र महर्जनद्वारा उम्मेदवारी दर्ता




हेटौंडा, २३ पुस । निर्वाचन आयोगले राष्ट्रिय सभा निर्वाचनको लागि तोकेको कार्यतालिकाअनुसार मङ्गलबार नेपाल मजदुर किसान पार्टीले निर्वाचनको लागि उम्मेदवारी दर्ता गरेको छ ।

वागमती प्रदेशको लागि राष्ट्रिय सभा निर्वाचन कार्यालय हेटौंडामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले उम्मेदवारी दर्ता गरेको हो ।

पार्टीको तर्फबाट विक्रम ढुकुछु र कविता महर्जनले राष्ट्रिय सभा सदस्यको लागि उम्मेदवारी दिनुभएको छ ।

उहाँहरूलाई प्रदेशसभा सदस्यहरू सुरेन्द्रराज गोसाई, सृजना सैंजू र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले प्रस्ताव र समर्थन गर्नुभएको हो ।

राष्ट्रिय सभाको निर्वाचन आगामी माघ ११ गते हुँदै छ ।

# संयुक्त राज्य अमेरिका र इजरायललाई इरानको कडा चेतावनी

तेहरान, २३ पुस (एएफपी)। संयुक्त राज्य अमेरिका र इजरायलले इरानमा भइरहेका सरकारविरोधी प्रदर्शनलाई समर्थन गरेको पृष्ठभूमिमा इरानका सैन्य प्रमुखले बुधबार कडा चेतावनी दिनुभएको छ । उहाँले इरान बाहिरी शक्तिहरूको दबाब र धम्की सहेर चुप लागेर नबस्ने स्पष्ट सन्देश दिनुभएको हो ।

फार्स समाचार एजेन्सीका अनुसार इरानी सेनाका कमान्डर जनरल अमिर हातमीले इस्लामिक गणतन्त्र इरानले इरानी राष्ट्रविरुद्ध भइरहेको शत्रुतापूर्ण बयानबाजीको बढ्दो प्रवृत्तिलाई गम्भीर खतरा ठान्ने बताउनुभयो । उहाँले भन्नुभयो, “इरानले यस्ता धम्की र शत्रुतापूर्ण अभिव्यक्तिलाई प्रतिक्रिया नदिई निरन्तर सहन सक्दैन ।”

इरानी सेनाका वरिष्ठ कमान्डर भए पनि सबैभन्दा उच्च राजनीतिक अधिकारी नभएका जनरल हातमीले चेतावनी दिँदै यदि ‘शत्रुहरूले कुनै गल्ती गरे’ भने इरानको प्रतिक्रिया गत जूनमा इजरायलसँग भएको १२ दिने युद्धको तुलनामा अझै कडा र शक्तिशाली हुने चेतावनी दिनुभयो ।

हालैका दिनहरूमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमा प्रदर्शनकारीहरू मारिएमा संयुक्त राज्य अमेरिकाले हस्तक्षेप गर्ने धम्की दिएका थिए । उता, इजरायलका प्रधानमन्त्री



बेन्जामिन नेतान्याहुले इरानमा भइरहेको विरोध प्रदर्शनप्रति समर्थन व्यक्त गरेका छन् ।

गत डिसेम्बर २८ मा तेहरानका केही व्यापारीहरूले बढ्दो महँगी र इरानी मुद्रा रियालको तीव्र अवमूल्यनको विरोधमा प्रदर्शन गरेका थिए । त्यसपछि देशका अन्य धेरै सहरमा पनि यस्तै खालका प्रदर्शन फैलिएका थिए, जसमा केही विध्वंसक घटनाहरू भएका छन् ।

विवादित निर्वाचनपछि सन् २००९ मा भएको व्यापक सडक आन्दोलनबाहेक, हालका प्रदर्शनहरू सन् २०२२ देखि २०२३ सम्म चलेको आन्दोलनको स्तरसम्म भने पुगेका छैनन् । तथापि, आर्थिक कारणले सुरु भएका यी विरोध प्रदर्शनहरूले इस्लामिक गणतन्त्र इरानका अन्तर्राष्ट्रिय विरोधी राष्ट्रहरू र तिनका नेताहरूको विशेष ध्यान आकर्षित गरेका छन् ।

आइतबार पत्रकारहरूसँग कुरा गर्दै संरा अमेरिकी राष्ट्रपति ट्रम्पले भनेका थिए, “हामी यसलाई धेरै नजिकबाट हेरिरहेका छौँ । यदि उनीहरूले विगतमा जस्तै मानिसहरूलाई मार्न थाले भने मलाई लाग्छ, उनीहरूले संयुक्त राज्य अमेरिकाबाट निकै गम्भीर प्रतिक्रिया भोग्नुपर्नेछ ।”

सोमबार इरानी विदेश मन्त्रालयले पनि राष्ट्रपति ट्रम्प र इजरायली प्रधानमन्त्री नेतान्याहुले हिंसा भड्काउने प्रयास गरेको र इरानको राष्ट्रिय एकतालाई कमजोर पार्न खोजेको आरोप लगाएको थियो ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित

**देको मिबा इतापाके जग्गा एकीकरण आयोजना**

**विकसित घडेरी बिक्रीको सिलबन्दी बोलपत्र आह्वानसम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/०९/२४

यस आयोजना क्षेत्रको देहायबमोजिमका विकसित घडेरी प्लटहरू गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट बढाबढमा बिक्री गरिने भएको हुँदा इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र आयोजना कार्यालयमा रू. ३०००।- अक्षरेपि तीन हजार (फिर्ता नहुने गरी) रकम बुझाई बोलपत्र फारम खरिद गरी आफूले खरिद गर्न चाहेको प्लट कित्ता जग्गाको जम्मा मूल्य अङ्क र अक्षर दुबैमा प्रस्ट उल्लेख गरी कबोल अङ्कको १० प्रतिशतले हुन आउने रकम भक्तपुर कमलविनायकस्थित नेपाल बैङ्कमा रहेको आयोजनाको धरौटी खाता नं.०१९००१०००४३६४७०००००१ मा जम्मा गरेको सक्कल भौचर संलग्न राखी नागरिकता प्रमाणपत्रको प्रतिलिपिसहित ३१ औं दिनको १२ बजेभित्र गोप्य शिलबन्दी बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**टेन्डरमार्फत बिक्री गरिने जग्गाको विवरण**

| सिनं. | ब्लक र प्लट नं. | नयाँ कि.नं. | सिट नं. | क्षेत्रफल व.मि. | मोहडा मिटर | बाटो मिटर | मोहडा तर्फ | बिक्री मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रति व.मि. न्यूनतम दर | जम्मा न्यूनतम मूल्य |
| १. | A1-5 | 2369 | 102119218 | 265.68 | 23.25 | 7 | पूर्व | 90939.52 | 2,41,60,812.00 |
| २. | A2-25 | 28 | 102119218 | 254.63 | 16.34 | 7 | दक्षिण | 87507.84 | 2,22,82,121.00 |
| ३. | A10-7 | 103 | 102119218 | 247.01 | 18.74 | 7 | दक्षिण | 89223.68 | 2,20,39,141.00 |
| ४. | A21-1 | 200 | 102119219 | 123.83 | 13.25 | 6 | पश्चिम | 91540.90 | 1,13,35,510.00 |
| ५. | A24-14 | 220 | 102119219 | 114.13 | 7.24 | 7 | उत्तर | 85792.00 | 97,91,441.00 |
| ६. | E8-7 | 1653 | 102119315 | 140.16 | 7.46 | 4 | दक्षिण | 65056.00 | 90,27,483.00 |

क. म्यादभित्र दर्ता हुनआएका बोलपत्रहरू सोही दिन दिनको द्द बजे आयोजना कार्यालयमा बोलपत्रदाता वा प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । बोलपत्रदाताहरूको प्रतिनिधि अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
ख. रित नपुगेका बोलपत्रहरू उपर कुनै कार्यबाही हुने छैन ।
ग. विस्तृत जानकारी बोलपत्र फारमबाद्द प्राप्त गर्न सकिने छ ।
घ. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार अयोजनामा सुरक्षित रहनेछ ।
ङ. यो सूचना र बोलपत्र फारममा उल्लेख भएका कुराहरू सोहीबमोजिम र अन्य कुराको हकमा प्रचलित कानुनबमोजिम हुनेछ ।
च. फिल्डमा नापजाँच गर्दा हुने क्षेत्रफललाई आधार मानेर जग्गा तथा रकम थपघट हुनसक्नेछ ।

# सामाजिक सञ्जाल प्रयोगको नीतिविरुद्ध जाने ५९९ प्रहरी कारबाहीमा

काठमाडौं, २३ पुस । नेपाल प्रहरीको सामाजिक सञ्जाल प्रयोगसम्बन्धी नीतिविपरीत गैरव्यावसायिक एवम् अमर्यादित सामग्री पोस्ट गर्ने ५९९ जना प्रहरीलाई कारबाही गरिएको छ ।

आर्थिक वर्ष २०७७/७८ देखि हालसम्म फेसबुक, एक्स, टिकटकलगायतका विभिन्न सामाजिक सञ्जालमा सङ्गठनविरूद्ध अमर्यादित टिप्पणी गर्ने एवम् प्रहरी पोशाकको दुरूपयोग गर्ने प्रहरी नायब महानिरीक्षकदेखि कार्यालय सहयोगीसम्मलाई विभागीय कारबाही गरिएको प्रहरीका केन्द्रीय प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो ।

कारबाही पर्नेहरूमा एक प्रहरी नायब महानिरीक्षक, एक प्रहरी वरिष्ठ उपरीक्षक, चार प्रहरी उपरीक्षक, पाँच

*बाँकी पृष्ठ ८ मा*


**इन्फ्लुइन्जा (फ्लू) बाट सुरक्षित रहौं ।**

इन्फ्लुएन्जा (फ्लू) बाट बच्न:
❖नियमित रुपमा सावुन पानीले हात धुने गरौं।
❖खोक्दा वा हाच्छ्युँ गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं।
❖जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं।
❖भिडभाड र बन्द ठाउँमा धेरै समय नबसौं।
❖फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुख्ने, थकान) देखिए सावधानी अपनाऔं।
❖सफा, ताजा र पोषिलो खाना खाऔं।
❖बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

***व्यङ्ग्यचित्रको कुनो***






**चाकु खरिद गर्दै सर्वसाधारण**
काठमाडौँको टोखामा न्हुछें टोखा चाकु उद्योगले बिक्री गर्न राखेको चाकु, तिलको लड्डु खरिद गर्नका लागि हेर्दै सर्वसाधारण । टोखाका चाकु उद्योगमा सादा चाकु, मसला चाकु, स्पेशल चाकु, खुवा चाकु र भुजाको लड्डु पुष्टकारी, गुँडपाक, तिलौरा लड्डु उत्पादन गरिन्छ । टोखा चाकु उत्पादनका लागि प्रख्यात पनि मानिन्छ । तस्बिर: हरिराम भेटुवाल/रासस

# खाद्यान्न परनिर्भर हुनुमा शासक पार्टीहरूको अकर्मण्यता




भक्तपुर, २३ पुस । भक्तपुर नगरपालिका ७ वडा कार्यालय कृषि समितिको आयोजनामा भएको कृषकहरूको भेलामा जैविक मल तथा जैविक विषादीबारे बुधबार अभिमुखीकरण कार्यक्रम भयो ।

उक्त कार्यक्रममा ७ नं. वडाका वडाध्यक्ष उकेश कवांले भक्तपुर नपाले कृषकहरूलाई परम्परागत कृषिभन्दा आधुनिक प्रविधि खेती गर्न विभिन्न तालिमहरू सञ्चालन गर्दै आएको उल्लेख गर्नुभयो ।

उहाँले कृषकहरूलाई आवश्यक बीउबिजन, रासायनिक मल, कृषिऔजार र सिँचाइको सुविधा नभएकोले जनताको लागि चाहिने खाद्यान्न, लत्ताकपडा, फलफूल आदि विदेशबाट आयात गर्न बाध्य भएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

खाद्यान्न परनिर्भर हुनुमा शासक पार्टीहरूको अकर्मण्यता रहेको बताउँदै उहाँले नगरको फोहोर व्यवस्थापन गरी कम्पोस्ट मल उत्पादन गरी सहुलियत दरमा कृषकहरूलाई वितरण गरिरहेको जानकारी दिनुभयो ।

नपाले कृषकहरूको बीउबिजन, तरकारी तथा फलफूल सुरक्षित गर्न चिस्यान केन्द्र सञ्चालनमा ल्याउने तयारी गरिरहेको पनि उहाँले बताउनुभयो ।

कृषि समितिका संयोजक एवम् ७ वडाका वडा सदस्य हेरा ख्याजुले जथाभावी रासायनिक मल र विषादीको प्रयोगले माटोको उर्वरा शक्ति घट्नुका साथै मानव स्वास्थ्य र वातावरणमा नकारात्मक असर परिरहेको बताउनुभयो ।

उहाँले जैविक मल र विषादीको प्रयोगले मानव, पशुपक्षीलगायत पर्यावरणमा पनि नोक्सान पुऱ्याउने हुँदा नै जैविक खेतीमा जोड दिनु आवश्यक छ भन्नुभयो ।

भनपा कृषि प्राविधिक रवि ख्याजुले माटोको उर्वरा शक्ति र संरचना जोगाउन मानव तथा पशुपक्षीको स्वास्थ्य सुरक्षित राख्न वातावरण प्रदूषण कम गर्नुपर्ने उल्लेख गर्नुभयो । उपयोगी कीरा तथा सूक्ष्म जीव संरक्षण गर्न सुरक्षित पोषण र गुणस्तरीय खाद्यान्न उत्पादन गर्नको लागि जैविक मल र जैविक विषादी प्रयोगको आवश्यकता औंल्याउँदै उहाँले समयमा माटो परीक्षण गरी कृषि प्राविधिकको सरसल्लाह लिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले रासायनिक खेती र जैविक खेतीबारे प्रोजेक्टरमार्फत सचेत गराउनुभयो ।

कार्यक्रममा कृषकहरूको कृषिसम्बन्धी विभिन्न जिज्ञासाहरूबारे छलफल गरिएको थियो ।

# भेनेजुयलामाथि अमेरिकी आक्रमणविरुद्ध क्रान्तिकारी महिलाहरूको भेला



भक्तपुर, २३ पुस । नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर नगर समितिले मङ्गलबार अमेरिकाले भेनेजुयलामा गरेको आक्रमणको विरोधमा महिला भेला गऱ्यो ।

भेलामा वाग्मती प्रदेश सांसद सुजना सैंजूले भेनेजुयलाको इतिहास र वर्तमान अवस्थाबारे चर्चा गर्दै हाम्रोजस्तो सार्वभौमिक देश पनि सचेत हुनुपर्ने कुरा स्पष्ट पार्नुभयो ।

नेमकिपा नगर समिति भक्तपुर का सदस्य गंगाराम ज्याख्वले जनवरी ३ को भेनेजुयलामा भएको आक्रमणले विश्वको ध्यान गएको कुरा स्पष्ट पार्नुभयो । उहाँले अन्तर्राष्ट्रिय कानुन कुल्चेर गरेको सो आक्रमणले अमेरिकी साम्राज्यवादले विश्वमा अशान्ति मच्चाएको स्पष्ट हुन्छ भन्नुभयो ।

ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले विश्वको राजनीतिक घटनाक्रम, अन्तर्राष्ट्रिय कानुन, आन्तरिक र बाह्य हस्तक्षेपबारे स्पष्ट पार्नुभयो ।

आयोजक समितिका अध्यक्ष एवं सभापति रामेश्वरी कोजुले विश्व राजनीतिबाट हाम्रो जस्तो सार्वभौम सम्पन्न देश पनि अछुतो रहन नसक्ने बताउनुभयो ।

उक्त कार्यक्रममा समितिका सचिव मञ्जुमैयाँ लाखाले भेलाको आवश्यकताबारे चर्चा गर्नुभएको थियो ।

# सूर्यविनायकमा माओ र स्तालिनको सम्झना

भक्तपुर, २३ पुस । सूर्यविनायक ८ सिपाडोल नेमकिपाको आयोजनामा माओको १३२ औं र स्तालिनको १४७ औं जन्म दिवसको अवसरमा बुधबार कार्यकर्ता भेला भयो ।

भेलामा नेमकिपा सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले कम्युनिस्टहरूले माओ र स्तालिनको योगदान, उहाँहरूको विचार र सिद्धान्त अँगाल्दै अगाडि बढ्नुपर्ने कुरा बताउनुभयो ।

उहाँले देशको समसामयिक राजनीति गतिविधि विषयसँगै साम्राज्यवादी अमेरिकाले एक सार्वभौम राष्ट्र भेनेजुयलामाथि गरेको कायरपूर्ण ज्यादतीको विरोध एवं भर्त्सना गर्नुभयो ।

नेमकिपा सूर्यविनायक नगर समितिका सचिव महेन्द्र बखुन्छें, सूनपा ८ नेमकिपाका अध्यक्ष श्यामसुन्दर सुवाल, शिवजी त्वानाबासुले पनि आआफ्नो विचार व्यक्त गर्नुभयो ।

यस्तै कार्यक्रम सूर्यविनायक ८ वडाका काँकाबारी १० वडाको चितपोलमा पनि सम्पन्न भयो ।

# सिद्धि गणेशमा एकहप्ते पुतली बनाउने तालिम समापन




भक्तपुर, २३ पुस । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को ३२ औं स्थापना दिवसको अवसरमा संस्थाको महिला तथा बालबालिका उपसमितिको आयोजनामा एकहप्ते पुतली (Doll) बनाउने तालिमको समापन कार्यक्रम बुधबार सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले बचत तथा ऋण कारोबारले मात्र सहकारीको उद्देश्य पूरा नहुने बताउँदै महिला सदस्यहरूलाई उद्यमी बनाउने लक्ष्यका साथ संस्थाबाट विभिन्न सीपमूलक तालिम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । उहाँले संस्थाका कृषकहरूको लागि मौसमी बालीसम्बन्धी अभिमुखीकरण कार्यक्रम तथा सदस्यहरूको स्वास्थ्यको लागि मुटुरोगसम्बन्धी स्वास्थ्य शिविर सञ्चालन हुने जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति, संस्थाका सञ्चालक सदस्य एवं उपसमिति संयोजक रञ्जना प्रजापतिले संस्थाका बाल बचतकर्ताहरूको व्यक्तित्व विकासका निम्ति नियमित तालिम तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको जानकारी दिँदै पुतली बनाउने तालिम सदस्यहरूलाई व्यवसाय गर्न प्रोत्साहित गर्ने उद्देश्यले सञ्चालन भएको बताउनुभयो ।

तालिमका प्रशिक्षक सुष्मा त्वातीले तालिमको सदुपयोग गरी व्यवसाय गर्न आग्रह गर्दै व्यवसाय गर्न असमर्थ भए कमसेकम उपहार दिन भए पनि सीपको सदुपयोग गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाई, उपसमितिका सचिव नारांदेवी दुमरु तथा संस्थाका कार्यक्रम तथा प्रवर्द्धन अधिकृत बिमल लवजुले पनि बोल्नुभएको थियो ।

# मुलुकको यातायात क्षेत्र राज्यको दीर्घकालीन बेवास्ताको सिकार

भक्तपुर, २३ पुस । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजय स्वाँरले मुलुकको यातायात क्षेत्र राज्यको दीर्घकालीन बेवास्ताको सिकार भएको बताउनुभएको छ । बुधबार भक्तपुरको होटल घ्याम्पेमा आयोजित भक्तपुर न्यु भिजन यातायात सेवा प्रा.लि. को दसौं वार्षिक साधारणसभालाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै अध्यक्ष स्वाँरले यस्तो धारणा राख्नुभएको हो । साधारणसभाको उद्घाटन अध्यक्ष स्वाँरले यातायात क्षेत्र लाखौं नागरिकलाई रोजगारी दिने महत्त्वपूर्ण स्वरोजगारको माध्यम भए पनि सरकारको नीति, योजना र बजेटमा यसले कहिल्यै अपेक्षित स्थान पाउन नसकेको गुनासो गर्नुभयो ।

उहाँले दुर्घटनापछि अस्पताल खर्चदेखि सवारी साधनको क्षतिपूर्तिसम्मको सम्पूर्ण प्रक्रिया बीमा कम्पनीका कर्मचारीमार्फत नै एकद्वार प्रणालीबाट समाधान हुनुपर्ने धारणा राख्नुभयो । कमजोर ट्राफिक व्यवस्थापन र सडक दुर्घटना नियन्त्रणमा चुनौती रहेको चर्चा गर्दै उहाँले २१ औं शताब्दीमा पनि बाटोमै बसेर गरिने ट्राफिक चेकिङ अव्यावहारिक भएकोले तत्काल प्रविधिमैत्री प्रणाली लागू गर्नुपर्नेमा जोड दिनुभयो ।

जिल्ला समन्वय समिति भक्तपुरका संयोजक रामकाजी भुजुले यातायात मजदुरका समस्याका कारण समग्र व्यवसाय धरापमा परेको बताउँदै केही मजदुरमा देखिएको लागुऔषध सेवनजस्ता कुलतले व्यवसायको छविमा आँच पुऱ्याएकोले आचरण सुधार आवश्यक रहेको उल्लेख गर्नुभयो ।

महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले आन्दोलनको क्रममा क्षति भएका कागजपत्र नवीकरणमा जरिवाना छुट दिने सरकारी निर्णय कार्यान्वयन नभएको र कर्मचारीले अझै जरिवाना असुलिरहेकोमा आपत्ति जनाउनुभयो ।

महासचिव देकनाथ गौतमले यातायात क्षेत्रका समस्यालाई कुनै पनि सरकारले प्राथमिकतामा नराखेको आरोप लगाउनुभयो ।

अखिल नेपाल यातायात मजदुर सङ्घका अध्यक्ष दीपक केसीले मजदुरका समस्याबारे मन्तव्य राख्नुभएको उक्त कार्यक्रममा सचिव रमेश पौडेलले प्रगति प्रतिवेदन र कोषाध्यक्ष सत्यनारायण सुवालले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । संस्थाका अध्यक्ष युवराज धतानीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा रमेश पौडेलले पनि बोल्नुभएको थियो । समापन मन्तव्यका क्रममा अध्यक्ष धतानीले साधारणसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण व्यवसायी तथा अतिथिहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## सङ्क्षिप्त समाचार

## तनहुँमा स्काभेटर र टिपरको बिचमा च्यापिएर मजदुरको मृत्यु

तनहुँ, २३ पुस । जिल्लाको ऋषिङ गाउँपालिका-१ ड्यामसाइडस्थित कालिका कन्ट्रक्सनमा काम गर्ने एक जना मजदुरको स्काभेटर र टिपरको बिचमा च्यापिएर मृत्यु भएको छ । प्रहरीका अनुसार व्यास नगरपालिका-५ का २५ वर्षीय महेन्द्र थापाको काम गरिरहेको अवस्थामा स्काभेटर र टिपरको बिचमा पर्दा च्यापिएर मृत्यु भएको हो । कालिका कन्ट्क्सन कम्पनीको इएक्स ०६६ नम्बरको स्काभेटर र सोही कम्पनीको बा प्र ०६-००१ क ०२५१ नम्बरको टिपरले काम गरिरहेको अवस्थामा अचानक च्याप्दा गम्भीर घाइते भएका थापालाई उपचारका लागि मङ्गलबार दिउँसो दमौलीस्थित रत्नहरी अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले बताउनुभयो । उहाँका अनुसार उपचारका क्रममा उहाँको गएराति मृत्यु भएको हो । टिपर चालक चितवनको राप्ती नगरपालिका-२ का ३३ वर्षीय जीवनकुमार गोले र स्काभेटर चालक बर्दियाको बारबर्दिया नगरपालिका-८ का २२ वर्षीय विशाल थारुलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रहरी नायब उपरीक्षक विकले बताउनुभयो । उहाँका अनुसार मृतकको शव प्रदेश अस्पताल दमौलीमा राखिएको छ । ***रासस***

## चिसो बढ्दा विद्यालयमा पठनपाठन स्थगित

सुदूरपश्चिम, २३ पुस । लगातारको शीतलहरका कारण चिसो बढेपछि कैलालीको गौरीगङ्गा नगरपालिका कार्यालयले एक हप्ताका लागि नगर क्षेत्रका विद्यालयमा बिदा दिएको छ । नगरपालिका कार्यालयले जारी गरेको सूचनामा केही दिनदेखि अत्यधिक चिसो भई बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असर पर्नुका साथै विद्यालयको दैनिक पठनपाठन पनि प्रभावित भएकाले यही पुस २४ देखि आगामी माघ २ गतेसम्मका लागि बिदा दिइएको उल्लेख छ ।

बाक्लो हुस्सु र कुहिरोसँगै दिनहुँ चल्ने गरेको शीतलहरका कारण बढेको कठ्याङ्ग्रिने चिसोले कैलालीसहितका जिल्लाको जनजीवन कष्टकर बनेको छ । जाडोको सामना गरिरहेका अधिकांश सर्वसाधारणलाई आगो ताप्ने व्यवस्थाका लागि धनगढी उपमहानगरपालिका र गौरीगङ्गा नगरपालिकासहितका पालिका तहहरूले केही दिनअघि दाउरा उपलब्ध गराएको थियो । शीतलहरका कारण धनगढीको अधिकतम तापक्रम र न्यूनतम तापक्रम घट्दै गएको छ । पहाडी क्षेत्रमा पारिलो घाम लाग्दा यतिबेला तराईका जिल्लालाई भने कुहिरो र हुस्सुले ढाकेको छ । शीतलहरले बढ्ने चिसोका कारण आलु, तोरीलगायतको हिउँदे बालीमा डढुवा रोगको समस्या देखिएको किसानले बताएका छन् । ***रासस***

## चालु आर्थिक वर्षभित्रै पूर्वपश्चिम राजमार्गका १२ पुल मर्मत गरिँदै

कञ्चनपुर, २३ पुस । महाकाली पुल आयोजना कार्यालय महेन्द्रनगरले पूर्वपश्चिम राजमार्गअन्तर्गत सुदूरपश्चिम खण्डमा पर्ने १२ पुल मर्मत तथा सुरक्षा सुदृढीकरण अगाडि बढाएको छ ।

कैलालीको चिसापानीदेखि कञ्चनपुरको गड्डाचौकीसम्मको सडकखण्डमा रहेका ती पुलको मर्मत अघि बढाइएको हो । पुल आयोजना कार्यालयका इन्जिनियर रवि शाहका अनुसार चौधर नदी, वनगाउँ खोला, भाँसी खोला, काङ्गला खोला, च्यानल क्रसिङ, पथरिया नदी, स्याली नदी, वनहरा नदी, अम्खैया खोला, बालुवा खोला, गौरीगङ्गा खोला र लिक्मा खोलामाथि रहेका पुल मर्मत भइरहेको छ ।

विश्व बैङ्कको आर्थिक सहयोगमा ठेक्का प्रक्रियामार्फत रु. एक करोड ९१ लाख ८२ हजार ४८२ को लागतमा पुलहरू मर्मत भइरहेको उहाँले जानकारी दिनुभयो । इन्जिनियर शाहले भन्नुभयो, "पुलको अवस्था (कन्डिसन रेटिङ) का आधारमा वर्गीकरण गरी मर्मत कार्य अगाडि बढाएका छौँ । समस्या पहिचान गरी प्राथमिकताका आधारमा मर्मत भइरहेको छ ।"

मर्मत कार्यअन्तर्गत सस्पेन्सन जोइन्ट, डब्लु-बिम बेरियर, बेरियर रोड पासिङ, क्याच आइ, डेलिनेटर पोस्ट तथा रेलिङ मर्मतजस्ता प्राविधिक काम भइरहेका छन् । गत मङ्सिर २१ गतेदेखि सुरु भएको यो कार्य चालु आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्य लिइएको छ । नियमित मर्मत र सुरक्षा सुदृढीकरणले राजमार्गमा सवारी आवागमन सुरक्षित हुनुका साथै पूर्वाधारको टिकाउपन बढ्ने विश्वास आयोजना कार्यालयको रहेको छ । ***रासस***




**किसानसँग धान खरिद गर्दै खाद्य कम्पनी**

धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-२ स्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, मधेस प्रदेश कार्यालय जनकपुरधाममा मङ्गलबार धनुषा र महोत्तरी जिल्लाका किसानको धान ट्याक्टरमा लगिँदै । *तस्बिर: निरञ्जनकुमार साह/रासस*

## आइक्यानको 'गेन' परियोजना सार्वजनिक
## पाँच वर्षमा ५० हजार रोजगारी सृजनाको लक्ष्य

काठमाडौँ, २३ पुस । नेपाली लेखा तथा लेखापरीक्षण सेवालाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी रूपमा स्थापित गर्दै सेवा निर्यातमार्फत रोजगारी र आयआर्जन बढाउने लक्ष्यसहित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) ले 'ग्लोबल अकाउन्टिङ इनिसियटिभ इन नेपाल' ( गेन) परियोजना सार्वजनिक गरेको छ ।

राजधानीमा बुधबार आयोजित एक कार्यक्रममार्फत परियोजनाको औपचारिक सुरुआत गरिएको हो । आइक्यानका अनुसार परियोजनाको मूल उद्देश्य नेपालको लेखा तथा वित्तीय सेवालाई केन्द्रमा राखेर विश्वसनीय आउटसोर्सिङ गन्तव्यको रूपमा ब्रान्डिङ गर्नु, रणनीतिक साझेदारी विकास गर्नु र दिगो रोजगारी सिर्जना गर्नु रहेको छ । गेन परियोजनाले पाँच वर्षभित्र वार्षिक ५० हजारभन्दा बढी तथा आगामी दस वर्षमा एक लाख ५० हजारभन्दा बढी रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ । यसै अवधिमा सेवा निर्यातमार्फत बर्सेनि करिब रु. ८० अर्ब बराबरको आय देशमा भित्र्याउने योजनासमेत छ ।

परियोजनाअन्तर्गत अकाउन्टिङ आउटसोर्सिङका लागि आवश्यक नियामक तथा संस्थागत संरचना विकास, सुरक्षित डिजिटल पूर्वाधार निर्माण, विश्वस्तरका मापदण्डमा जनशक्ति प्रशिक्षण र गुणस्तरीय सेवा विस्तारलाई प्राथमिकता दिइने उल्लेख गरिएको छ । साथै, आउटसोर्सिङ हब, डिजिटल प्लेटफर्म र इनक्युबेसन सेन्टर स्थापना गरी नवप्रवर्तन र उद्यमशीलतालाई प्रोत्साहन गरिनेछ ।

आइक्यानका अध्यक्ष नीलबहादुर सारु मगरले गेन परियोजनालाई आगामी आर्थिक वर्षदेखि नियमित कार्यक्रमका रूपमा अघि बढाइने जानकारी दिनुभयो । उहाँका अनुसार विश्व बजारमा भारत, बङ्गलादेश, भियतनाम र फिलिपिन्सजस्ता मुलुकले देखाएको प्रभावकारी उपस्थिति हेर्दा नेपालले पनि प्रतिस्पर्धा गर्न सक्ने प्रशस्त सम्भावना रहेको छ । उहाँले भन्नुभयो, "नेपालमै बसेर विश्वका विभिन्न देशका संस्थालाई लेखा सेवा दिन सकिने वातावरण बनाउनुपर्छ । नेपाललाई दक्षिण एसियाको आउटसोर्सिङ हबका रूपमा स्थापित गर्ने उद्देश्यका लागि सीप विकास र नीतिगत स्पष्टता अपरिहार्य छ ।"

कार्यक्रममा आइक्यानका नायब निर्देशक सन्तोष विष्टले संस्थाले हाल २०८१-२०८५ का लागि तयार गरिएको पाँचवर्षे रणनीति कार्यान्वयनमा रहेको बताउँदै ठुला अर्थतन्त्र भएका मुलुकलाई नेपालले किफायती र गुणस्तरीय अकाउन्टिङ सेवा दिन सक्ने सम्भावना बलियो रहेको उल्लेख गर्नुभयो ।

परियोजनाले बेलायत, अष्ट्रेलिया, अमेरिका, युरोपेली सङ्घलगायत सम्भावित बजार लक्षित डिजिटल प्रचारप्रसार गर्ने, उच्च गुणस्तरका प्रचार सामग्री उत्पादन गर्ने र विदेशमा रहेका नेपाली समुदायसँग सहकार्यमार्फत अवसर विस्तार गर्ने योजना बनाएको छ । साथै, विश्वस्तरमा प्रयोग हुने लेखा सफ्टवेयर र आउटसोर्सिङसम्बन्धी विशेष प्रमाणपत्र कार्यक्रम सञ्चालन, राष्ट्रिय प्रतिभा दर्ता प्रणाली निर्माण तथा आउटसोर्सिङका पाठ्यक्रम विकासलाई अघि सारिएको छ ।

कर छुट, मूल्य अभिवृद्धि करसम्बन्धी स्पष्टता, वैदेशिक विनिमय प्रक्रिया सरलीकरण, डेटा संरक्षण कानुन सुदृढीकरण, नेपाली कम्पनीलाई विदेशमा शाखा सञ्चालनको सुविधा र वैदेशिक लगानी शीघ्र स्वीकृत गर्नेलगायत नीतिगत सुधारले परियोजना सफल हुने अपेक्षा आइक्यानले गरेको छ ।

साथै आइक्यानले परियोजना कार्यान्वयनपछि नेपाली अडिट फर्म र यस पेसामा लागेका व्यक्तिबाट अन्तर्राष्ट्रिय बजारमा आफ्नो उपस्थिति बढाउँदै सेवा निर्यातमार्फत मुलुकको अर्थतन्त्र सुदृढीकरणमा योगदान पुग्ने विश्वास गरेको छ । ***रासस***

## पत्रकारिता क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न राससको तालिम केन्द्र

काठमाडौँ, २३ पुस । राष्ट्रिय समाचार समिति (रासस) ले पत्रकारिता क्षेत्रमा व्यावसायिक एवं दक्ष जनशक्ति उत्पादन गर्नुपर्ने आवश्यकता महसुस गरी चितवनको भरतपुरमा 'तालिम केन्द्र भवन' निर्माण गरेको छ ।

आमसञ्चारसँग सम्बन्धित सैद्धान्तिक, व्यावहारिक र प्राविधिक ज्ञान दिने उद्देश्यले सो तालिम केन्द्र भवन निर्माण गरेको हो । भरतपुर महानगरपालिका-१० मा राससको आफ्नै जमिनमा भूमिगत पार्किङसहित चार तलाको भवन तयार भएको छ । त्यसमाथि अझै दुई तला थप गर्नसकिने गरी भवन निर्माण तथा नक्साङ्कनको व्यवस्थासमेत गरिएको छ ।

भवनमा १३ वटा आवासीय कक्ष, स्टुडियो, प्रयोगशाला, तालिम कक्ष, चमेना गृह, कार्यालय कक्षलगायतका सुविधासम्पन्न पूर्वाधार निर्माण गरिएका छन् । सो भवनमा ३० जनालाई आवासीय सुविधासहितको तालिम दिन सकिने व्यवस्था छ ।

विसं २०८० जेठ ८ गते निर्माण सम्झौता भई काम सुरु गरिएको सो केन्द्रको नवनिर्मित भवन अहिले हस्तान्तरणको चरणमा पुगेको छ । सघन सहरी तथा भवन निर्माण आयोजना, भरतपुरले रु. पाँच करोड ७६ लाख ७१ हजारमा भवन निर्माण गरेको छ ।

यसैगरी वाग्मती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले 'एयरकण्डिसन' जडानका लागि रु. १७ लाख ५० हजार बजेट विनियोजन गरेको छ । त्यस्तै, भरतपुर महानगरपालिकाले रु. नौ लाख सहयोग गरेको छ ।

राससका महाप्रबन्धक सन्दीप राईले अधिकांश तालिम केन्द्र सुविधासम्पन्न ठुला होटल तथा काठमाडौँमा केन्द्रित रहेको सन्दर्भमा देशको मध्यभागमा पर्ने भरतपुरस्थित रासस तालिम केन्द्र सञ्चालनमा आएपछि मुलुकको आमसञ्चार क्षेत्रलाई उल्लेख्य राहत पुग्ने धारणा व्यक्त गर्नुभयो ।

## ऋणपत्रबाटै राष्ट्र बैङ्कले तान्यो बैङ्किङ प्रणालीको एक खर्ब

काठमाडौँ, २३ पुस । बजारमा कर्जाको माग नभएर बैङ्किङ प्रणालीमा थुप्रिएको पैसा पटक-पटक गरेर तानिरहेको राष्ट्र बैङ्कले ऋणपत्रबाट मात्रै हालसम्म एक खर्ब रूपैयाँ तानेको छ ।

बैङ्किङ प्रणालीमा धेरै भएको पैसा गत पुस १४ गते यता ऋणपत्र जारी गरेर तान्न थालेको हो । यसरी तानिएको रकम एक वर्षसम्म बैङ्किङ प्रणालीमा फर्किंदैन ।

यसरी तानिएको रकम एक खर्ब पुगेपछि भने राष्ट्र बैङ्कले एकपटकमा २० अर्ब रुपैयाँ तान्न थालेको छ ।

यसअघि हरेक पटक ऋणपत्रबाट २५ अर्ब रुपैयाँ तान्दै आएको थियो ।

एकवर्षे अवधिको ऋणपत्रबाट मात्रै राष्ट्र बैङ्कले दुई खर्ब रकम तान्ने लक्ष्य लिएको छ ।

बैङ्कहरूले २.६७ प्रतिशत ब्याजदरमै अहिले राष्ट्र बैङ्कको ऋणपत्रमा लगानी गरिरहेका छन् ।

अहिले राष्ट्र बैङ्कले चारदेखि एक सय ७५ दिनसम्मको लागि रकम तान्ने निक्षेप सङ्कलन




उपकरणमा पनि बैङ्कहरूले औसत २.४७ देखि २.७४ प्रतिशतसम्म ब्याज पाइरहेका थिए ।

पुस १३ गतेयता भने राष्ट्र बैङ्कले यो उपकरण प्रयोगमा ल्याएको छैन ।

बैङ्कहरूले तीन/तीन दिनको लागि राष्ट्र बैङ्कले पैसा तान्ने स्थायी निक्षेप सङ्कलनमा भने तीन प्रतिशत ब्याज पाउँछन् ।

पुस २२ गते बैङ्कहरूले यो उपकरणमा दुई खर्ब ९९ करोड राखेका छन् ।

हाल राष्ट्र बैङ्कले विभिन्न उपकरणमार्फत बैङ्किङ प्रणालीबाट आठ खर्ब ९६ अर्ब पैसा तानेको छ ।

यो एकवर्षे ऋणपत्रको नाम नेपाल राष्ट्र बैङ्क ऋणपत्र २०८३ 'ङ' नाम दिइएको छ । यस ऋणपत्रको भुक्तानी २०८३ पुस २३ गते हुनेछ ।

न्यूनतम ५ करोड र बढीमा ५ करोड रुपैयाँले भाग गर्दा निशेष भाग जाने रकमसम्मको लागि आवेदन दिन सकिने व्यवस्था गरिएको थियो ।

यसमा बैङ्क तथा वित्तीय संस्थामात्रै सहभागी हुनसक्ने व्यवस्था छ ।

**। सम्पादकीय ।**

# आस्थाको पत्रकारिता आजको आवश्यकता

पत्रकारिता जनतालाई सचेत पार्ने एक भरपर्दो प्रचार साधन हो । पत्रकारितामा काम गर्ने पत्रकार या सञ्चारकर्मी र सञ्चालकहरू राजनीतिबाट अलग्ग हुँदैनन् । प्रत्यक्ष या अप्रत्यक्ष,  जानी या नजानी हरेक मानिस राजनीतिमा संलग्न रहेकै हुन्छन् । कति राजनीतिमा सक्रियपूर्वक लागेको होला त कति निष्कृय होला, त्यो आफ्नो ठाउँमा छ । विभिन्न सञ्चार क्षेत्र र पत्रिकामा काम गर्ने कति सञ्चारकर्मीहरू पत्रिका स्वतन्त्र रूपमा सञ्चालन गर्नुपर्छ; कुनै राजनीतिक दलको  हतियार हुनुहुँदैन भन्छन् । सत्तासीन दलका नेता, मन्त्री, सांसद र जनप्रतिनिधिहरूको मात्र होइन जो कुनै पदमा रहेका उच्चपदस्थ अधिकारी तथा कर्मचारी या सर्वसाधारण नागरिक नै किन नहोऊन् उनीहरूले गरेका कमी कमजोरी पत्रिकाले औँल्याएर खबरदारी गर्नुपर्छ । पत्रिकाले प्रजातन्त्रलाई जीवन पद्धतिको रूपमा अघि बढाउन मात्र होइन जो कसैले गर्ने भ्रष्टाचार र अनियमितताको पनि विरोध गर्छ, गर्नुपर्छ । आस्थाको पत्रिकाले त्यो दायित्व निर्वाह गर्छ ।

पत्रिकाले कसैले भ्रष्टाचार र अनियमितता गर्‍यो भनेर घटनामात्र छाप्ने होइन, भ्रष्टाचारीहरूलाई हदैसम्मको कारबाही गर्नुपर्छ भनी समाचार सम्प्रेषण गर्नुपर्छ । भ्रष्टाचारीलाई अदालतले कारबाही गर्छ भनेर सञ्चारकर्मीहरू पर्खेर बस्ने होइन । भ्रष्टाचारीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग र अदालतले कारबाही गर्छ, कारबाही गर्ने सरकारी निकाय छ भनेर जनता र सञ्चारकर्मीहरू के टुलुटुलु हेरेर बस्ने ? अत: 'मिडिया लोकतन्त्रको दर्पण बन्ने कि राजनीतिक औजार ?' भनेर प्रश्न गर्ने होइन । सञ्चार क्षेत्रले प्रजातन्त्रलाई जीवन पद्धतिको रूपमा अघि बढाउन मात्र होइन देश जोगाउन र बनाउन पनि भूमिका खेल्छ; खेल्नुपर्छ । पत्रकारिता सूचित जनमत तयार गर्ने साधन पनि हो । हो, पत्रिकामा छापिने समाचार र लेख भावनामा डुबेर लेख्ने होइन; सत्यतथ्यलाई बङ्ग्याएर लेख्ने होइन । पत्रकारिता समुदायकै निम्ति हुनुपर्छ, समुदायकै आवाज समेटिनुपर्छ । पत्रिका अकुत सम्पत्ति कमाउने साधन भयो भने त्यस्तो पत्रिका र सञ्चारकर्मीले न प्रजातन्त्रको संरक्षण गर्छ न त जनतालाई सचेत पार्ने र कमी कमजोरी औँल्याउने राजनीतिक औजार नै बन्छ । पैसाकै निम्ति लेख्ने, पैसा कमाउनकै निम्ति पत्रिका सञ्चालन गर्ने सञ्चालकहरू देश र जनताका पक्षका हुँदैनन् । देश र जनताप्रति चासो नराख्ने, देशमा जस्तो दमन, अतिक्रमण, हस्तक्षेप भए पनि एक शब्द चुइँक्क नबोल्ने, नलेख्ने सञ्चारकर्मी र पत्रिका कसरी लोकतन्त्रको दर्पण बन्छ ?

राजनीतिप्रति चासो नराख्ने सञ्चारकर्मी र पत्रकारिताले झन् सार्वभौमसत्ताप्रति चासो राख्दैन । पत्रकारहरू आफ्नो दायित्वबाट पन्छिनु हुँदैन; पन्छिएको खण्डमा प्रजातन्त्र कमजोर हुन्छ । सरकारले जे जस्तो निर्णय गरे पनि आँखा चिम्लेर बस्ने धर्म पत्रकारको होइन । सरकारको निर्णय जनविरोधी र देशविरोधी छ भने त्यसको खबरदारी गर्नुपर्छ । गलत निर्णयको विरोध जनताले गर्ने हो, पत्रिकाले होइन भनेर पन्छिन मिल्दैन । के पत्रिका सञ्चालकहरू जनता होइनन् ? के उनीहरूसँग बुद्धि र विवेक हुँदैनन् ? पत्रिका कुनै दल आबद्ध हुँदैमा, कुनै दलप्रति सहानुभूति राख्दैमा असमानता, अन्याय, दमन, थिचोमिचो, हस्तक्षेप र आक्रमणको विरोध गर्दैन भन्ने होइन । देश र जनताप्रति समर्पित पत्रिकाले देश र जनताको समस्यामात्र केलाउने होइन दलको सिद्धान्त र विचार प्रचार गर्नु पनि स्वाभाविक हो । विदेशीहरूले चलखेल गर्न पाउने एमसीसी सम्झौताको प्रसङ्गको चर्चा हुँदा देशभरका सबै पत्रिकाले विरोध गर्नुपर्ने हो । तर, एमसीसी सम्झौता पारित गर्ने शासक दलको धेरै पत्रिकाले विरोध गरेनन् । भोलि कुनै विदेशी शक्ति राष्ट्रले नेपालमा हस्तक्षेप गरे, आक्रमण गरे पनि विरोध गर्ने काम पत्रिकाको होइन भनेर के मौन बस्ने ? पत्रिका र सञ्चारकर्मीको देशप्रति के कुनै चासो हुँदैन ? देशको समस्याबारे चासो राखे पनि नराखे पनि त्यसमा राजनीतिक रङ्ग मुछिएकै हुन्छ । समाचारको आधारमा श्रमजीवी पत्रकारहरूलाई दसौँ लाखको क्षतिपूर्ति गराउने, जेलमा हाल्ने भनेपछि मात्र पत्रकारहरूले होस पुर्‍याउने होइन ।

देश विकासको निम्ति, जनताको जीवनस्तर उठाउनको निम्ति, देश बचाउन र सीमा मिच्नबाट बचाउनुको निम्ति पत्रिकाले कुरो उठाउनुपर्छ, खबरदारी गर्नुपर्छ । पत्रिकाको काम कुनै घटनाको विवरण दिने मात्र होइन, समाचार मात्र छाप्ने होइन । त्यो घटना कसरी भयो, के कारणले भयो, त्यो घटना हुनबाट सरकार या सरोकारवाला निकायले के गर्नुपर्छ, त्यसबारे पनि पत्रिकाले बोल्नुपर्छ; छाप्नुपर्छ । सरकारी कार्यालयमा ढिलासुस्ती भयो, पैसाबिना काम गर्दैन भने के पत्रिकाले नलेख्ने ? नबोल्ने ? घुस खायो भनेर लेखेपछि राजनीति हुन्छ भनेर पत्रिकामा नलेख्ने ? याद गरौँ, भ्रष्टाचार, अनियमितता गरे पनि नबोल्नु, नलेख्नुको अर्थ भ्रष्टाचार र अनियमितता गर्ने पक्षमा मौन रहेको हुन्छ, त्यो मौन रहनु पनि राजनीति नै हो । बरु, राजनीति देश र जनताको पक्षमा गर्नुपर्छ । राजनीतिलाई कमाउने पेसा ठान्नु हुँदैन । व्यक्तिगत स्वार्थको निम्ति गरिएको राजनीतिको पक्षमा सञ्चारकर्मीले कलम चलाउनु उपयुक्त हुँदैन । अत: पत्रकार, पत्रकारिता या सञ्चार जगत् राजनीतिबाट अलग्ग हुन सक्दैन । पत्रकारिताले प्रजातन्त्रको निम्ति पनि लेख्छ, देशमा मौलिक परिवर्तनको निम्ति पनि वातावरण तयार गर्छ; गर्नुपर्छ । देश र जनताको पक्षमा आवाज बुलन्द गर्नुपर्छ ।

# ट्रम्पको भेनेजुयला आक्रमण : विश्वलाई तीन चेतावनी

✍ **डोनाल्ड रोथवेल**

जनवरी ३ मा भेनेजुयलामा राष्ट्रपति निकोलस मादुरो र उनकी श्रीमती सिलिया एडेला फ्लोरेस डे मादुरोलाई नियन्त्रणमा लिएर गरिएको अमेरिकी सैन्य कारबाही अन्तर्राष्ट्रिय कानुनअन्तर्गत उत्तिकै जोखिम र गैरकानुनी थियो । ट्रम्प प्रशासनले अब अन्तरिम आधारमा भेनेजुयलामाथि 'शासन गर्ने' भनेको कुरा अझ बढी अच्चम्भित पार्नेखाले छ । अमेरिकाले त्यस देशको विशाल तेललाई पनि नियन्त्रण गर्न खोज्नेछ ।


प्रतिस्पर्धात्मक घरेलु राजनीति र मादुरो शासनको कमजोर अभिलेखका बाबजुद भेनेजुयला अन्तर्राष्ट्रिय कानुनअन्तर्गत एक मान्यता प्राप्त सार्वभौम राज्य हो । जसमा यसको प्राकृतिक स्रोतमाथि स्थायी सार्वभौमिकता समावेश छ । भेनेजुयलाको तेलमाथि हुने अमेरिकी कब्जा अन्तर्राष्ट्रिय कानुनको थप उल्लङ्घन हुनेछ ।

तर, अमेरिकाले अन्तर्राष्ट्रिय कानुनका साथ आफ्नो आक्रमणलाई औचित्य दिने प्रयास गरेको छैन । बरू, ट्रम्प प्रशासनले विश्वव्यापी नियमलाई पूर्ण रूपमा बेवास्ता गर्दै आफ्नो घरेलु कानुन प्रयोग गरिरहेको छ । यो एक कुनै अन्तर्राष्ट्रिय कानुनी आधारविनाको नयाँ रणनीति हो ।

**ट्रम्प प्रशासनको शत्रुता**

पहिलो र दोस्रो ट्रम्प प्रशासनले मादुरो शासनप्रति शत्रुता देखाएका छन् । अमेरिकी सरकारले लगातार दुई प्रमुख मुद्दा वा आरोप उठाउँदै आएको छ, अमेरिकामा अवैध ल्याटिन अमेरिकी आप्रवासी प्रवेशमा भेनेजुयलाले खेलेको भूमिका र अमेरिकामा लागुपदार्थको ओसारप्रसारमा उसको समर्थन ।

२०२४ को अमेरिकी राष्ट्रपति चुनाव अभियानका क्रममा दुवै प्रमुख मुद्दा थिए र ट्रम्पको मागा (मेक अमेरिका ग्रेट अगेन) आन्दोलनका प्रमुख आधार हुन् । मदुरो शासनको वैधतामाथि पनि प्रश्न उठाइएको छ । २०१८ र २०२४ मा सम्पन्न चुनावलाई अमेरिकासहित केही पश्चिमा देशले समर्थन जनाएनन् ।




यद्यपि, मदुरो शासनको वैधता सैन्य हस्तक्षेपका लागि कानुनी आधार होइन । बरू, ट्रम्प प्रशासन भेनेजुयलामा आफ्ना कार्य जायज ठहर्‍याउन अमेरिकी घरेलु कानुनमा भर परिरहेको छ । २०२० मा मदुरो र उनकी श्रीमतीलाई लागुपदार्थको तस्करीको आरोपमा अमेरिकी ग्रान्ड जुरीको अभियोगले कानुनी तर्कलाई भरथेग गर्छ ।

न्युयोर्कमा टेलिभिजन क्यामेरा अगाडि मादुरोलाई थुनामा राखिएका अन्य कुनै पनि कैदीजस्तै परेड गराइएको कुराले अमेरिकी घरेलु कानुनको महत्त्वलाई अझ जोड दिएको प्रस्ट हुन्छ । कुनै पनि विदेशी राष्ट्रप्रमुखलाई उनीहरूको राष्ट्रपति परिसरमा पक्राउ गर्नु, हिरासतमा राख्नु र २४ घन्टाभित्र अमेरिकामा कानुनी रूपमा कारबाही गर्नु अनौठो घटना हो ।

मादुरो र उनकी श्रीमतीले अन्तत: विभिन्न आपराधिक आरोपमा मुद्दाको सामना गर्नुपर्नेछ । निकोलस मादुरो भेनेजुयलाका राष्ट्रपति हुन् र त्यसैले अमेरिकी अदालतमा फौजदारी अभियोजनबाट विदेशी राज्य प्रमुख उन्मुक्तिको हकदार हुन्छन् भन्ने कुरा सम्भवत: खारेज हुनेछ, किनकि ट्रम्प प्रशासनले उनको राष्ट्रपतित्वलाई अवैध मान्दै आएको छ ।

त्यस्तैगरी, अमेरिकी बाह्य-क्षेत्रीय कानुन प्रवर्तनमार्फत मादुरोको गिरफ्तारीको तरिकाले अमेरिकी अदालत झमेलामा पर्नेछैन । एकपटक अमेरिकी ग्रान्ड जुरीमा अभियोग जारी भएपछि अमेरिकाले गिरफ्तारी वारेन्टमार्फत मादुरोको सुपुर्दगी माग गर्न सक्थ्यो ।

ट्रम्प प्रशासनले सम्भवत: यस्तो कुनै पनि सुपुर्दगी अनुरोधलाई भेनेजुयलाले बेवास्ता गर्न सक्ने पहिल्यै अनुमान गरेको थियो । त्यसैले, प्रशासनले न्याय मन्त्रालयका अधिकारीलाई मादुरोको पक्राउ सहज बनाउन अमेरिकी सेनालाई काराकासमा प्रवेश गराउने विवादास्पद कदम चाल्यो ।

**कानुन प्रवर्तन कि कानुन उल्लङ्घन ?**

ट्रम्प प्रशासनले भेनेजुयला र मादुरो शासनविरूद्धको आफ्नो कानुनी अभियानलाई कसरी अगाडि बढाएको छ भन्ने विषयको मूल मर्म अमेरिकी कानुनमाथि यसको निर्भरता हो । सेप्टेम्बरदेखि अमेरिकाले समुद्रमा सैन्य हमलामार्फत कथित भेनेजुयलाको 'लागुपदार्थ व्यापारसँग जोडिएका' साना डुङ्गालाई लक्षित गर्न थाल्यो ।

अमेरिकी कानुनको बाह्य-क्षेत्रीय प्रवर्तनको आधारमा क्यारिबियाभर अमेरिकी प्रवेश बिन्दुमा लागुऔषध ढुवानी गर्ने ज्ञात तस्कर समूहविरूद्ध अमेरिकाले यी कुरालाई जायज ठहर्‍यायो । डिसेम्बरमा अमेरिकी तटरक्षक दलले अमेरिकी प्रतिबन्धको अधीनमा रहेका तेल ट्याङ्कलाई पछ्याउन र जफत गर्न थाल्यो । यो अभ्यास अमेरिकी कानुनको आधारमा पनि जायज थियो, प्रतिबन्धित ट्याङ्करलाई भेनेजुयलाको तटबाट रोकेर जफत गरिएको थियो ।

मादुरो दम्पतीलाई पक्राउ, गिरफ्तारी र नजरबन्द गर्न अमेरिकी कानुन प्रवर्तनलाई अहिले विस्तार गरिएको छ । अमेरिकाले आफ्नै कानुन लागू गरिरहेको छ भन्ने तर्कमा भर पर्दै ट्रम्प प्रशासनले अन्तर्राष्ट्रिय कानुनले जे भने पनि आफ्ना कार्यका लागि घरेलु कानुनलाई आधार मानेको छ । यो अन्तर्राष्ट्रिय कानुनप्रति अमेरिकी अनादरको स्पष्ट उदाहरण हो, जसको लामो इतिहास छ । यसले अमेरिकाको आफ्नै कानुन छ र अन्य सबै कानुनमाथि हाबी छ भन्ने अमेरिकी दृष्टिकोणलाई प्रतिबिम्बित गर्छ । अन्तर्राष्ट्रिय कानुनले आफ्नो राष्ट्रिय हितलाई अगाडि बढाउने क्षमतालाई अनावश्यक रूपमा सीमित गर्नुहुँदैन भन्ने अमेरिकी धारणा छ ।

यो एउटा यस्तो धारणामा पनि आधारित छ कि यसले सामना गर्न सक्ने कुनै पनि अन्तर्राष्ट्रिय आपत्तिलाई सजिलै व्यवस्थित गर्न वा सुरक्षित रूपमा बेवास्ता गर्न अमेरिका सक्षम छ । यी घटनाका तत्काल तीनवटा क्षेत्रीय र विश्वव्यापी पाठ छन् । पहिलो, ट्रम्प प्रशासनले घरेलु राजनीतिक इच्छाका आधारमा जसलाई पनि छनोट गर्छ र उसलाई प्रतिबन्ध लगाउने गर्छ । व्यक्ति, संस्था र निगम सबैलाई राष्ट्रपतिको कार्यकारी आदेश, कानुन र बलमार्फत लक्षित गरिएको छ । धेरैजना उच्च सतर्कतामा हुनेछन् ।

दोस्रो, भेनेजुयलाविरूद्धको अमेरिकी कारबाहीले संयुक्त राष्ट्र सङ्घको बडापत्रको उल्लङ्घन गरे पनि संयुक्त राष्ट्र सङ्घ अमेरिकालाई रोक्न लगभग शक्तिहीन हुनेछ । यो यसको सुरक्षा परिषद्का स्थायी सदस्यसँग रहेको भिटो शक्तिको कारणले हो, संयुक्त राष्ट्र सङ्घप्रति ट्रम्पको घृणाको कुरा त परै जाओस् ।

तेस्रो, अमेरिकी सहयोगी र साझेदारले यो असाधारण अमेरिकी कानुन प्रवर्तन अभ्यासको प्रभावबारे धेरै सचेत हुनुपर्छ । यदि, अमेरिकी सेनाले भेनेजुयलामा भन्दा बढी बलियो प्रतिक्रियाको सामना गर्‍यो भने यसले युरोपेली देश र क्यानडाका लागि नेटो सन्धि र अस्ट्रेलियाका लागि एएनजेडयुएस सन्धिको आवश्यकता बढाउन सक्छ । तसर्थ, अमेरिका यही बाटोमा हिँडिरह्यो भने यसको हस्तक्षेपवादको परिणाम विश्वभरका धेरैले महसुस गर्ने सम्भावना छ ।

रोथवेल अस्ट्रेलियन राष्ट्रिय विश्वविद्यालयका अन्तर्राष्ट्रिय कानुनका प्राध्यापक हुन् ।

*- द कन्भरसेसनबाट*



सन्दर्भः किम जोङ उन जन्म दिवस (८ जनवरी)

# युवाहरू हो, पार्टीको क्रान्तिकारी सन्गुन ध्येयप्रति अटल निष्ठावान अग्रगामी योद्धा बन्नुस् – २

✍ किम जोङ उन

सबै जनतालाई विज्ञान तथा प्रविधिप्रति सुसूचित बनाउने नारालाई उँचो राख्दै, युवाहरूले मेहनतका साथ आधुनिक विज्ञान तथा प्रविधि सिक्नुपर्दछ । ज्ञान अर्थव्यवस्थाको युगमा पूर्ण पारङ्गत बन्नुपर्दछ । आफ्नो दैनिक कार्यतालिका तथा बानीलाई पुस्तक पढ्ने काममा लगाउनुपर्दछ । मेहनती तथा जोशिला अध्येता बनेर पार्टी प्रकाशन, क्रान्ति शिक्षाप्रति समर्पित पुस्तकहरू र विज्ञान तथा प्रविधिका पुस्तकहरूलगायत विभिन्न क्षेत्रका पुस्तकहरू पढ्नु पर्दछ । छोङयोन जोन्वी पत्रिकाका हरेक अङ्क उनीहरूले पढेको हुनुपर्दछ ।

विद्यार्थीहरू समुन्नत कोरियाका स्तम्भहरू हुन्; वैज्ञानिक तथा प्राविधिक शक्ति तथा प्रतिभावान राष्ट्रको रूपमा देशको भविष्यलाई डोऱ्याउने कुराको जिम्मेवारी लिनुपर्दछ । आफ्नो बीस र तीसको उमेरमा संसार नै छक्क पर्ने वैज्ञानिक तथा चिकित्सक बन्ने महत्त्वाकाङ्क्षालाई बढावा दिँदै उत्पादन उद्यमशीलता तथा विविध समाज-राजनैतिक क्रियाकलापमा सक्रियतापूर्वक सहभागी हुनुपर्दछ र सैद्धान्तिक तथा व्यवहारिक क्षमता तथा विस्तृत सीपयुक्त क्रान्तिकारी श्रमिकको रूपमा आफूलाई तयार पार्नुपर्दछ ।

नयाँ युगमा पार्टीको युवा अग्रदस्ताको रूपमा आफ्ना सम्मानजनक मिसनलाई युवा पुस्ताले इज्जतका साथ पूरा गर्दछ भन्ने कुराको सुनिश्चितता दिलाउने काममा युवा लिगको प्रारम्भिक सङ्गठनको निकै महत्त्वपूर्ण भूमिका र हैसियत रहेको छ ।

युवा लिगका प्रारम्भिक सङ्गठनहरू युवाका राजनैतिक जीवनका आधार र आधारभूत लडाकु एकाइहरू हुन् । उनीहरूले नै युवालाई पार्टी वरिपरि गोलबद्ध पार्छन र पार्टी नीतिको कार्यान्वयनमा उनीहरूलाई व्यवस्थित र परिचालित गर्छन । उनीहरूको सङ्गठन क्षमता, एकीकृत शक्ति तथा लडाकु कुशलता ठोस रूपमा युवा लिगका कुशलता र क्षमता हुनेछन् ।

तर पनि युवाका राजनैतिक सङ्गठनहरूको रूपमा आफ्ना महत्त्वपूर्ण हैसियत र मिसनका साथ सन्तोषजनक तरिकाले आफ्नो भूमिका निर्वाह गर्ने कुरामा उनीहरू असफल भइरहेका छन् । कोही कोही आफ्ना सदस्यहरूका साङ्गठनिक तथा वैचारिक जीवनलाई मार्गनिर्देश गराउने आफ्नो आधारभूत जिम्मेवारीमा आफूलाई केन्द्रित गर्न चुकिरहेका छन्, युवा सङ्गठनहरूलाई सुहाउने युवाको भावना, मनोविज्ञान र भावनासँग एकाकार भएर काम गरिरहेका छैनन् ।

प्रारम्भिक सङ्गठनलाई सवल पार्ने र उनीहरूको भूमिका बढाउने कुरा युवा लिगलाई सवल पार्ने काममा पहिलो कदम हो । युवा आन्दोलन विकास गर्न समग्र श्रृङ्खलाका प्रमुख कडिहरू हुन् । त्यसैकारण, हाम्रो पार्टीले युवा लिगका प्रारम्भिक पदाधिकारीको सम्मेलनलाई विशेष महत्त्व दिन्छ र युवा लिगको आधारभूत सङ्गठनलाई सवलिकृत पार्ने युग निर्माणको अवसर बन्ने छ । पार्टीको सन्गुन-आधारित क्रान्तिकारी नेतृत्व कार्यलाई निष्ठाका साथ सहयोग गर्ने अग्रदस्ता बनाउन युवाहरूलाई प्रशिक्षित गर्नेछ भन्ने कुराको अपेक्षा राख्दछ ।

युवा लिगको कार्यको महत्त्व र पार्टीको उच्च अपेक्षालाई हृदयभित्र राखी, यस सम्मेलनमा सहभागी र युवा लिगका अन्य पदाधिकारीहरूले सन्गुन युगमा युवाको अभियानलाई नयाँ उचाइमा पुऱ्याउन युवा लिगको प्रारम्भिक सङ्गठनको भूमिका तथा सैन्य कारबाहीलाई क्रान्तिकारी तरिकाले बढावा दिनुपर्दछ ।

युवा लिगका प्राथमिक सङ्गठनहरूले क्रान्तिको विकासको आवश्यकताअनुसार आफ्ना सदस्यहरूको साङ्गठनिक तथा वैचारिक जीवनलाई सशक्त पार्नुपर्दछ ।

सन्गुन क्रान्तिका अग्रदस्ताको लडाकुको रूपमा प्रशिक्षित भएको होस् वा नभएको, आफ्नो नेतृत्वलाई हातमा हात र काँधमा काँध मिलाउँदै साथ दिने पेक्तु पर्वतदेखिको अभियानलाई कसले निरन्तरता दिन्छ भन्ने कुरा युवा लिगका प्रारम्भिक सङ्गठनहरूले कसरी उनीहरूको साङ्गठनिक



तथा वैचारिक जीवनलाई व्यवस्थित मार्गनिर्देशित गर्छन् भन्ने कुरामा भर पर्दछ । सदस्यहरूको साङ्गठनिक तथा वैचारिक जीवनलाई सशक्त पार्न उनीहरूले आफ्ना प्रयासहरूलाई निर्देशित गर्ने कुराले निकै ठुलो महत्त्व राख्दछ ।

सर्वप्रथमतः उनीहरूले युवाहरूमा तिव्रत्तम वैचारिक शिक्षा सञ्चालन गर्नुपर्दछ । किम जोङ इलको देशभक्तिपूर्ण भावना, निष्ठा र वर्ग सचेतता तथा नैतिकताका शिक्षालाई सशक्त पार्नु हाल युवाहरूको वैचारिक शिक्षामा निकै महत्त्वपूर्ण कुरा रहेको छ ।

नयाँ पुस्तालाई समृद्ध राष्ट्र निर्माणमा लगाउन प्रोत्साहित गर्ने सशक्त उत्प्रेरक राष्ट्र तथा जनताप्रति प्रेम गर्ने सच्चा राष्ट्रभक्तको रूपमा नयाँ पुस्तालाई हुर्काउने काममा किम जोङ इलको देशभक्ति निकै पोषण बन्छ । युवा लिगका प्रारम्भिक सङ्गठनहरूले युवाहरूलाई सत्य तथ्यको आधारमा देश र जनतालाई आफ्नो मन मस्तिष्कमा राखिरहने, आजीवन देश र जनताप्रतिको मायाको बाटोमा लागिरहने किम जोङ इल अमर पराक्रमलाई सुसूचित गर्नुपर्दछ । उनीहरूले किम जोङ इलका देशभक्तिपूर्ण भावनालाई आफ्नो लक्ष्यको एउटा तत्त्वको रूपमा प्रोत्साहित गर्नुपर्दछ र आफ्नो गाउँ कार्यस्थल मन पराउने र देश तथा जनताको आव्हानको सम्मानमा समर्पित गर्न आफूलाई सदा तयारी राख्ने सच्चा देशभक्त हुनेछन् ।

क्रान्ति भनेकै निष्ठा हो र निष्ठाविहीन मानिस क्रान्तिकारी बन्न सक्दैन । दृढ क्रान्तिकारी निष्ठा भएकाहरूले मात्रै, क्रान्तिको बाटोलाई अन्तिमसम्म अवलम्बन गर्छन् र आफूलाई देश तथा जनताप्रति समर्पित गर्छन् । युवाहरूलाई पार्टीका ध्येय सही छ, हाम्रो विजय सुनिश्चित छ भन्ने कुरामा विश्वस्त पार्न लक्षित शिक्षालाई सशक्त पार्दै, युवा लिगका प्रारम्भिक सङ्गठनहरूले, आफूमा अटल निष्ठा र इच्छाशक्तिले भरिपूर्ण भई सन्गुनको क्रान्तिकारी ध्येयको विजयप्रति बहादुरीका साथ लडन सबै युवालाई प्रोत्साहित गर्नुपर्दछ । उनीहरूले बेलाबेलामा महत्त्वका साथ क्रान्तिकारी युद्धभूमि तथा ऐतिहासिक क्षेत्रमा गरिने भ्रमणलाई व्यवस्थित गर्नुपर्दछ; युवाहरूलाई हाम्रा नेताको महान्ता तथा उनीहरूका उपलब्धिहरूप्रति गहिरोसँग प्रशिक्षित गर्नुपर्दछ । आफ्ना क्रान्तिकारी अग्रजहरूको बफादारिताको महान् उदाहरणहरूलाई पछ्याउदै, पार्टी तथा नेतृत्वप्रतिको विशुद्ध बफादारिताका साथ आफ्नो जीवनलाई गौरवमय पार्दै लानुपर्दछ । वास्तवमा, नयाँ पुस्ताका हाम्रा क्रान्तिकारी पङ्क्ति पराक्रम तथा दमनका पुस्तक आधारित ज्ञानले मात्रै प्रशिक्षित भएका छन र युद्धका कठिनाइको अनुभव हासिल गर्ने पाएका छैनन् । उनीहरूमा रहेको वर्ग सचेतनाको स्तरोन्नति गर्नुपरेको छ । विद्यमान स्थिति र क्रान्तिको आवश्यकताअनुसार, सैद्धान्तिक र गहन रूपमा शिक्षालाई सञ्चालन गर्दै, युवा लिगमा प्रारम्भिक सङ्गठनहरूले युवाहरूले साम्राज्यवादी तथा अन्य वर्गशत्रुहरूलाई निकै घृणा गर्छन् र विगतमा शत्रुसँगको लडाइँ लड्न लिएका रगतको मूल्यको र गर या मरको दृढसङ्कल्पको मूल्यमा हासिल गरिएका क्रान्तिका उपलब्धिहरूलाई भरपर्दो तरिकाले रक्षा गर्नुपर्दछ ।

क्रान्तिकारी पङ्क्तिको एकमना एकतालाई थप सशक्त पार्ने र समाजको विद्यमान जीवनलाई अझ क्रान्तिकारी र असल बनाउने समाजवादी नैतिकताको शिक्षालाई सशक्त पार्ने कुरा आजको जल्दोबल्दो माग बनेको छ । आफ्ना बोली व्यवहार र सार्वजनिक नैतिकतामा उचित शिष्टता कायम राख्ने कुरामा युवाहरू असफल भइरहेका छन् र असल सार्वजनिक व्यवहार तथा व्यवस्थालाई बर्बाद पारिरहेका छन् । युवा लिगले नैतिकताको शिक्षालाई उचित तरिकाले सञ्चालन गर्न नसकेको कारण यसो हुन गएको हो । नैतिकताको शिक्षालाई प्रमुख कार्यको रूपमा लिँदै र निरन्तर यसैमा अगाडि बढ्दै, युवा लिगका प्राथमिक सङ्गठनहरूले युवा पुस्तालाई आफ्ना क्रान्तिकारी अग्रज, शिक्षक तथा वरिष्ठहरू र स्वयंसेवीहरूलाई नैतिकताको सम्मानले हेर्नु पर्दछ ।

वैचारिक शिक्षालाई विविध रूपमा, विविध तरिकाले र प्रभावकारी तरिकाले सञ्चालन गर्नुपर्दछ । नियमित र प्रभावकारी तरिकाले सेनाध्यक्ष किम जोङ इललाई नैतिकताको सम्मानले हेर्नु पर्दछ ।

वैचारिक शिक्षालाई विविध रूपमा, विविध तरिकाले र प्रभावकारी तरिकाले सञ्चालन गर्नुपर्दछ ।

नियमित र प्रभावकारी तरिकाले सेनाध्यक्ष किम जोङ इलका उदाहरणहरूलाई अनुशरण गर्ने, अध्यापन सत्र, प्रवचन बैठकहरू लगायत युवा लिगमा स्थापित शैक्षिक प्रणाली सञ्चालन गर्नु निकै महत्त्वपूर्ण साबित भएको छ । युवाहरूको शिक्षाको आधारको रूपमा, रहेको युवा विद्यालय अध्ययन सत्र तथा विविध शैक्षिक बैठकहरू निरन्तर व्यवस्थित गरिनुपर्दछ र यसलाई सदा जीवन्त राख्नुपर्दछ ।

वैचारिक शिक्षालाई मौलिक तरिकाले र उन्नत समयको भावनाअनुसार एकाकार गर्दै सञ्चालन गरिनुपर्दछ, ताकि यसले युवाहरूको हृदयलाई छुन सकोस् र उनीहरूलाई सही मार्गमा अगाडि बढाउन सकोस् । युवा लिगका प्रारम्भिक सङ्गठनहरूले वैचारिक शैक्षिक कार्यमा धेरैभन्दा धेरैलाई संलग्न गराउने कार्यमा र विगतका औचारिकता तथा स्थापित रूपमा अडिग रहन लागिपर्नुपर्दछ र हाम्रा समयका युवाहरूको मानसिक योग्यताअनुसार यसलाई सञ्चालन गर्न सकिएको छैन र वैचारिक शिक्षाको स्वरूप तथा तालिकालाई निरन्तर सुधार गर्न सकिएको छैन ।

युवा लिगका प्रारम्भिक सङ्गठनहरूले आफ्ना साङ्गठनिक क्रियाकलापहरूमा युवाको सक्रिय सहभागिता सुनिश्चित गर्न निर्णायक उपाय अवलम्बन गर्नुपर्दछ । युवाहरूलाई युवा लिगका सङ्गठनहरूप्रति प्रेम र सम्मान गर्ने आफूलाई साङ्गठनिक शिक्षा तथा सुपरिवेक्षण मातहतमा राख्ने बनाउन, आफ्ना सङ्गठनका अमूल्य कुरालाई सही तरिकाले बुझ्न सक्ने बनाउन उनीहरूले प्रयास गर्नुपर्दछ । सबै युवाहरूलाई युवा लिगका जीवनका नियम तथा मान्यताप्रति सचेत पार्दै, त्यसैअनुसारको जीवन जीउने र कार्य गर्ने र सङ्गठनले आफूलाई सुम्पिएका निर्णय तथा कार्यभारलाई समयमै सफलतापूर्वक सञ्चालन गर्ने कुरामा सुनिश्चितता दिलाउनु पर्दछ । साङ्गठनिक जीवनको अग्निभट्टीमा क्रान्तिकारी तरिकाले खारिन सकून भनी आफ्ना जीवनलाई पुनरावलोकन गराउने प्रभावकारी बैठकहरूमा आफ्ना सदस्य सहभागी भएका छन् कि छैन् भन्ने कुराको सुनिश्चितता दिलाउनुपर्दछ ।

आफ्ना सदस्यहरूको साङ्गठनिक जीवनलाई मार्ग निर्देशन गर्ने कामलाई आफ्नै मात्रै स्वेच्छिक प्रयास बनाउनु हुँदैन, बरु यसलाई साङ्गठनिक अनुशासन स्थापित गर्ने कार्यमा, यी सङ्गठनहरू असफल भइरहेका छन् । युवा लिगका प्रारम्भिक सङ्गठनहरूले आफ्ना सदस्यहरूलाई थप दुरुस्त राख्नुपर्दछ र साङ्गठनिक अनुशासनलाई कसिलो राख्नुपर्दछ । साङ्गठनिक जीवनमा उनीहरू सबैको सहभागिताको सुनिश्चित गर्नुपर्दछ ।

आफ्ना प्रमुख क्रान्तिकारी जिम्मेवारीको कार्यान्वयनसँग निकट रूपमा एकाकार हुँदै आफ्ना सदस्यहरूको साङ्गठनिक जौवनलाई मार्गनिर्देशन गर्नुपर्दछ, ताकि कार्यरत युवाहरूले आफ्ना प्राविधिक आविष्कारका जिम्मेवारी र राष्ट्रिय आर्थिक योजना अन्तर्गतका आफ्ना कार्यहरूलाई पूरा गर्न सकून् र विद्यार्थीहरूले थप मेहनत गरेर आफ्ना प्राज्ञिक प्रस्तुतिहरूलाई सुधार गर्न सकून् ।




प्राथमिक सङ्गठनहरूले निकै सक्रियताका साथ युवा अग्रदस्ता नमुना प्राथमिक समिति अभियान, युवा अग्रदस्ता नमुना प्राथमिक एकाइ अभियान, युवा नमुना कक्षा अभियानलाई सञ्चालन गर्नुपर्दछ । उनीहरूले वैधानिकता र जीवन्तताका साथ आफ्ना कार्यहरू गरिरहेका पनि छन् ।

युवा लिगका प्रारम्भिक पदाधिकारीहरूले आफ्ना जिम्मेवारी तथा भूमिकाको भावनालाई बढावा दिनुपर्दछ ।

उनीहरू पार्टीको सन्गुन आधारित क्रान्तिकारी नेतृत्वलाई सघाउने कार्यमा नेतृत्व लिने यन्त्र बन्नुपर्दछ र पार्टीको अनुशरण गर्दै, युवाहरूलाई अगाडि बढाउने मार्ग निर्देशक बन्नुपर्दछ ।

उनीहरूले युवालाई सुहाउने अथक जोश, उत्साह र साहसका साथ सबै कार्य सञ्चालन गर्नुपर्दछ । आफ्ना कार्यलाई नवीन रूपले योजनाबद्ध गर्नुपर्दछ; अथक रूपले सञ्चालन गर्नुपर्दछ र सुरु गरेको कामलाई अन्तिम टुङ्गोसम्म पुऱ्याएरै छोड्नुपर्दछ ।

व्यवहारिक उदाहरण प्रस्तुत गरेर उनीहरूले आफ्ना सदस्यहरूको नेतृत्व लिनुपर्दछ । व्यवहारिक उदाहरण नै शक्तिशाली उत्प्रेरणा हुन् । कठिन तथा श्रम लाग्ने कार्यमा अरुहरूभन्दा अगाडि उभिएर फत्तेय गर्नुपर्दछ । आफ्ना सदस्यहरूलाई शब्दले होइन व्यवहारले प्रभावित पार्नुपर्दछ; सङ्घर्ष गर्न र जोश प्राप्त गर्न उनीहरूलाई ब्युँझाउनुपर्दछ ।

कार्य तथा जीवनका सबै पक्षमा सदस्यहरूलाई प्रोत्साहित गर्न आफै उदाहरण बनेर प्रस्तुत हुनुपर्दछ ।

आफ्ना सङ्गठन सदस्यहरूलाई आफ्नै भाइबहिनीजस्तो व्यवहार गर्नुपर्दछ । आफ्ना कार्य तथा जीवनका तन मनमा एकता कायम राख्नुपर्दछ । अरुभन्दा पहिले आफ्ना सदस्यहरूको मानसिक पीडालाई बुझ्नुपर्दछ । जीवन र कार्यका हरेक पक्षमा उनीहरूको हेरचाह गर्नुपर्दछ र उनीहरूको वृद्धि तथा विकासको आधार बन्नुपर्दछ । आफ्ना सदस्यहरूको गल्तीमा आफ्नै गल्ती जस्तो पछुताउ गर्ने, एक पटकले नपुगे उनीहरूलाई दस पटक सय पटक नसियत दिएर सच्याउने सबै युवाहरूलाई असल अग्रदस्ता बनाउनुपर्दछ । आफ्ना सदस्यहरूलाई नम्रता र मुस्कानका साथ स्वागत गर्ने, उनीहरूका सबलता र विवेकमा रहेका कठिनाइहरूलाई समाधान गर्न सर्वोत्कृष्ट उपाय अवलम्बन गर्ने र प्रारम्भिक सङ्गठनहरूलाई सामन्जस्यपूर्ण सामूहिकतामा रूपान्तरण गर्न उनीहरूसँग दुःख सुख बाँडने गर्नुपर्दछ ।

प्रारम्भिक पदाधिकारीहरूमा उच्च राजनैतिक तथा व्यवहारिक योग्यता हुनुपर्दछ ।

युवा लिगका प्रारम्भिक पदाधिकारीहरू महान् किम इल सङ्गवाद र किम जोङ इलवादले पूर्ण लैस हुनुपर्दछ । युवा अभियानको सम्बन्धमा पार्टीका विचार तथा नीतिहरूप्रति पूर्ण सुपरिचित हुनुपर्दछ र उनीहरूलाई आफ्नो निष्ठाको प्रतिमूर्ति बनाउनुपर्दछ । उनीहरू युवा लिगका व्यवहारिक कार्यप्रति प्रवीण भएर मात्र पुग्दैन र त्योभन्दा माथि आफ्ना राजनैतिक तथा सैद्धान्तिक योग्यता राख्नुपर्दछ । आधुनिक विज्ञान तथा प्रविधिको ज्ञानले समेत युक्त हुनुपर्दछ । त्यो भन्दा अझ, व्यापकतामा स्थितिप्रति सु-सूचित हुनुपर्दछ । अन्य धेरै क्षेत्रमा उचित ज्ञान राख्नुपर्दछ । विना कुनै रवाफ कसरी सदस्यहरूबीच घुलमिल हुने र नाच्दै-गाउँदै सीपयुक्त तरिकाले सङ्गीत बजाउदै, उत्साहपूर्ण भाषणहरू गर्दै, उनीहरूलाई परिचालन गर्दै जाने भन्ने कुरामा बहु-आयामिक बन्नु पर्दछ ।

सबै तहका युवा लिगका समितिहरूले प्रारम्भिक सङ्गठनहरूलाई जिम्मेवार तरिकाले मार्ग निर्देशन गर्नुपर्दछ र उनीहरूलाई सकारात्मक सहयोग गर्नुपर्दछ ।

*बाँकी पृष्ठ ७ मा*



भेनेजुयलाको राजधानी काराकसमा आफ्नो देशमाथि अमेरिकी आक्रमण र राष्ट्रपति निकोलस मादुरो र प्रथम महिला सिलिया फ्लोरेसको अपहरणविरुद्ध आयोजित विशाल महिला विरोध प्रदर्शनलाई सम्बोधन गर्दै सत्तारुढ भेनेजुयाली एकीकृत समाजवादी पार्टीका नेता तथा आन्तरिक मामिला मन्त्री डायस्दादो काबेलो जनवरी ६, २०२६ का दिन । नेता काबेलोले भेनेजुयला अमेरिकी साम्राज्यवादले चाहजस्तो नचल्ने दृढता व्यक्त गर्नुभयो । ।

*तस्बिर : रोनाल्डो सेमिट /एएफपी*

# रोड्रिगेजको कडा जवाफ : भेनेजुयला विदेशी नियन्त्रणमा छैन

वासिङ्टन, ७ जनवरी ( एएनआई) । भेनेजुयलाकी कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले आफ्नो देश कुनै पनि विदेशी शक्तिद्वारा शासित नरहेको स्पष्ट पार्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दाबीलाई अस्वीकार गर्नुभएको छ । ट्रम्पले भेनेजुयलामा 'पूर्ण पहुँच' आवश्यक भएको टिप्पणी गरेपछि रोड्रिगेजको यो प्रतिक्रिया आएको हो ।



मङ्गलबार (स्थानीय समय) कृषि-खाद्य, माछा, सामुदायिक तथा औद्योगिक क्षेत्रसँग सम्बन्धित एक सरकारी कार्यक्रममा उहाँले भन्नुभयो, "हामी जनताको साथमा शासन गरिरहेका छौं । भेनेजुयलाको सरकारले देश चलाउँछ, अरु कसैले होइन । भेनेजुयलालाई शासन गर्ने कुनै बाह्य एजेन्टहरू छैनन् ।" उहाँको भनाइ राज्य सञ्चालित टेलिभिजन भेनेजोलाना डे टेलिभिजनमार्फत प्रसारण गरिएको थियो ।

उहाँले पदच्युत राष्ट्रपति निकोलस मादुरो र उहाँकी पत्नी सिलिया फ्लोरेसको रिहाइको माग गर्दै भइरहेको प्रदर्शनको पनि उल्लेख गर्नुभयो । गत जनवरी ३ को बिहान काराकासमा भएको अमेरिकी सैन्य कारबाहीपछि मादुरो दम्पतीलाई संयुक्त राज्य अमेरिकाले हिरासतमा लिएको थियो । रोड्रिगेजका अनुसार त्यसपछि भेनेजुयलाली जनताले सडकमा उत्रिएर आफ्नो धारणा व्यक्त गरिरहेका छन् ।

यसबिच रोड्रिगेजले पछिल्ला घटनाक्रमका बाबजुद देश अझ बलियो बनेको दाबी गर्नुभयो । "चुनौती, आक्रमण र खतराहरूको सामना गर्दै हामी आध्यात्मिक रूपमा अझ सबल भएका छौं," उहाँले भन्नुभयो ।

रोड्रिगेजको प्रतिक्रिया ट्रम्पले भेनेजुयलामा 'सङ्क्रमण प्रक्रिया' अमेरिकी अधिकारीहरूले निरीक्षण गर्ने घोषणा गरेको एक दिनपछि आएको हो । ट्रम्पले भेनेजुयलाका अन्तरिम अधिकारीहरू अमेरिकासँग सहकार्य गर्न तयार रहेको पनि दाबी गरेका थिए ।

हालैको अमेरिकी आक्रमणका क्रममा ज्यान गुमाउनेहरूको सम्मानमा रोड्रिगेजले सात दिनको राष्ट्रिय शोक घोषणा गर्नुभएको छ । राज्य प्रसारकसँग कुरा गर्दै उहाँले देशको रक्षा गर्ने क्रममा ज्यान गुमाउने युवा पुरुष र महिलाको सम्मानमा शोक अवधि तोकिएको बताउनुभयो ।

उहाँले हिरासतमा रहेका राष्ट्रपति मादुरो र उहाँकी पत्नीलाई फिर्ता गर्न पनि आग्रह गर्नुभएको छ । दम्पती हाल न्युयोर्कस्थित एक हिरासत केन्द्रमा हुनुहुन्छ र सोमबार उहाँहरूले लागुऔषध तथा हतियारसम्बन्धी अभियोगमा आफूहरू निर्दोष रहेको बताउनुभएको छ ।

# ट्याङ्कर विवाद : एस्कर्ट जहाजमा रुसको पनडुब्बी परिचालन

वासिङ्टन, २३ पुस (एएनआई) । पहिले बेला-१ भनेर चिनिने एउटा खाली तेल ट्याङ्कर अमेरिका र रुसबिचको पछिल्लो तनावको केन्द्र बनेको छ । वाल स्ट्रिट जर्नलको बुधबारको रिपोर्टअनुसार संयुक्त राज्य अमेरिकाले पछ्याइरहेको उक्त ट्याङ्करलाई सुरक्षित रूपमा फिर्ता ल्याउन रुसले पनडुब्बीसहितका नौसैनिक साधनहरू परिचालन गरेको छ ।

रिपोर्टअनुसार बेला-१ ले १५ दिनभन्दा बढी समयदेखि भेनेजुयलाको नजिक अमेरिकी नाकाबन्दीबाट जोगिन प्रयास गरिरहेको थियो । प्रतिबन्धित तेल बोकेका ट्याङ्करहरूलाई लक्षित अमेरिकी कारबाहीका कारण जहाजले भेनेजुयलामा डक गरी तेल लोड गर्न सकेन । जहाज खाली अवस्थामा भए पनि अमेरिकी तटरक्षकले यसलाई एट्लान्टिक महासागरमा पछ्याइरहेको बताइएको छ ।

वाल स्ट्रिट जर्नलका अनुसार अमेरिका रुसद्वारा बेचिएको कालो बजार तेलसहित विश्वभर अवैध रूपमा तेल ढुवानी गरिरहेका ट्याङ्करहरूको फ्लीटविरुद्ध कारबाही तीव्र पारिरहेको छ । यही सन्दर्भमा बेला-१ पनि अमेरिकी निगरानीमा परेको हो ।

गत डिसेम्बरमा बेला-१ ट्याङ्करलाई नियन्त्रणमा लिन अमेरिकी कानून कार्यान्वयन निकायले प्रयास गर्दा जहाजमा तनावपूर्ण अवस्था सिर्जना भएको थियो । अमेरिकी अधिकारीहरू जहाजमा चढेर निरीक्षण तथा नियन्त्रण लिन खोजिरहेका बेला चालक दलका केही सदस्यहरूले त्यसको प्रत्यक्ष प्रतिरोध गरे । स्थिति यति बिग्रियो कि दुवै पक्षबिच धकेलाधकेल र मुक्कामुक्कीसम्मको अवस्था उत्पन्न भयो, जसले समुद्रमै सुरक्षा जोखिम बढाएको थियो ।

रुसले आफ्ना तेल बोक्ने ट्याङ्करहरू अमेरिकाले जफत गरिरहेको विषयलाई गम्भीर चासोका साथ हेरिरहेको छ ।

रुसी राज्य समाचार एजेन्सी आरआईएका अनुसार मङ्गलबार रुसी विदेश मन्त्रालयले ट्याङ्कर वरपरको अवस्थालाई 'चिन्ताका साथ' निगरानी गरिरहेको जनाएको छ । यसबिच अमेरिकी सेनाको दक्षिणी कमान्डले पनि सक्रिय तयारीमा रहेको सन्देश दिएको छ ।

दक्षिणी कमान्डले सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै भनेको छ, "सधैं सेवा गर्न तयार: दक्षिणी कमान्ड यस क्षेत्र हुँदै पारगमन गर्ने स्वीकृत जहाजहरू र सम्बन्धित गतिविधिविरुद्ध खडा हुन अमेरिकी सरकारी एजेन्सी साझेदारहरूलाई समर्थन गर्न तयार छ । हाम्रा समुद्री सेवाहरू सतर्क, फुर्तिला र रुचिका जहाजहरू ट्र्याक गर्न तैनाथ छन् । आवश्यकता परेमा हामी तुरुन्तै उपस्थित हुनेछौं ।"

अमेरिकी तटरक्षकले बेला-१ लाई पछ्याउने कार्य जारी राखेको छ । एआईएस पोजिसनिङका आधारमा जहाज हाल आइसल्यान्डबाट करिब ३०० माइल दक्षिणमा, उत्तरी समुद्रतर्फ यात्रा गरिरहेको बताइएको छ । यस घटनाक्रमले विश्वव्यापी तेल कारोबार र समुद्री सुरक्षासम्बन्धी विषयमा अमेरिका-रुसबिचको प्रतिस्पर्धा र तनाव अझ तीव्र बनाएको विश्लेषकहरू बताउँछन् ।

# सन् २०२५ मा लिबियाबाट ३७ हजारभन्दा बढी आप्रवासीलाई स्वेच्छिक निर्वासन

त्रिपोली (लिबिया), ७ जनवरी (क्यूएनए) । लिबियाको अवैध आप्रवासनविरोधी एजेन्सीले अनियमित आप्रवासन प्रवाहको सामना गर्न लिबियाली अधिकारीहरूले लागू गरेको सुरक्षा र नियामक प्रक्रियाअन्तर्गत सन् २०२५ मा ३७ हजार भन्दा बढी अनियमित आप्रवासीहरू आफ्नो देशमा फर्केको जनाएको छ ।

आन्तरिक मन्त्री एसाम अबु जरिबाले गैरकानुनी आप्रवासनविरोधी एजेन्सीका प्रमुख सालाह अल खाफीफीसँग सन् २०२५ को कामको नतिजाको अनुगमन गर्न र सन् २०२६ को लागि एजेन्सीको योजना समीक्षा बैठकपछि एजेन्सीले विज्ञप्तिमार्फत यस्तो जनाएको हो ।

बैठकमा एजेन्सीको वार्षिक प्रतिवेदनको समीक्षा समावेश थियो जसमा कानुनी र मानवीय नियन्त्रण र अन्तर्राष्ट्रिय मापदण्डअनुसार विभिन्न बन्दरगाहहरूमार्फत गरिएको निर्वासन प्रक्रियाहरूबाहेक पक्राउ परेका अनियमित आप्रवासीहरूको सङ्ख्याको तथ्याङ्क र तथ्याङ्क समावेश थियो ।

लिबिया अनियमित आप्रवासीहरूका लागि मुख्य ट्रान्जिट देशहरूमध्ये एक भएकाले लिबियाले सामना गर्ने सुरक्षालगायतका अन्य चुनौतीहरूबारे पनि बैठकमा छलफल भएको थियो । लिबियाले वर्षौंदेखि अनियमित आप्रवासनको समस्या खेपिरहेको जनाइएको छ जसले सुरक्षा, आर्थिक र सेवा पक्षहरूलाई असर गरी सुरक्षा अधिकारीहरूलाई नियम उल्लङ्घन गर्नेहरूलाई पक्राउ गर्न र निर्वासनलाइ नियमित द्रुत गतिमा अघि बढाउने प्रयासलाई तीव्र बनाउन प्रेरित गरेको छ ।

## विश्व सङ्क्षेप

# भेनेजुयलामाथि भर्खरै गरेको हस्तक्षेपपछि अमेरिकाको आँखा ग्रीनल्यान्डमा

वासिङ्टन, ७ जनवरी (सीआरआई) । अमेरिकाले भेनेजुयलामाथि गरेको सैन्य हस्तक्षेपपछि अन्तर्राष्ट्रिय समाजले गरेका धेरै निन्दापछि डोनाल्ड ट्रम्प सरकारले फेरि डेनमार्कको स्वायत्त क्षेत्र ग्रीनल्यान्डलाई लक्ष्य बनाएको छ । जनवरी ६ का दिन अमेरिकी व्हाइट हाउसका अधिकारी स्टेफन मिल्लरले 'ग्रीनल्यान्ड अमेरिकी क्षेत्रमा हुनुपर्ने' धारणा जारी गरेका छन्, जसले ट्रान्स एटलान्टिक तनावलाई उत्तेजित बनाएको छ ।

जनवरी ६ का दिनमा फ्रान्स, जर्मनी, इटाली लगायत धेरै देशहरूका नेता र डेनमार्कका प्रधानमन्त्रीले संयुक्त घोषणा जारी गरेका छन् । लगत्तै, उत्तरी युरोपका पाँच देशहरूका परराष्ट्र मन्त्रीहरूले पनि विज्ञप्ति जारी गरी आर्कटिक क्षेत्रको सुरक्षा र स्थिरतालाई कायम राख्न जोड दिँदै ग्रीनल्यान्डका मामिलाहरू डेनमार्क र ग्रीनल्यान्ड आफैले निर्णय गर्नुपर्छ र सो सार्वभौमिकता निर्विवाद हुन्छ भन्दै स्पष्ट रूपमा व्यक्त गरेका छन् ।

धेरै देशका विज्ञहरूले अमेरिकाको यस्तो हस्तक्षेपले उत्तर एटलान्टिक सन्धि सङ्गठन र युरोपेली सङ्घलाई 'विभाजनको सीमा' मा मात्रै तान्ने होइन, यसले धेरै गम्भीर नकारात्मक प्रभावहरू पनि निम्त्याउन सक्ने चेतावनी दिएका छन् ।

# विविध मुलुकका नेतागणद्वारा भेनेजुयलामाथि अमेरिकी सैनिक आक्रमणको कडा निन्दा

पेइचिङ, ७ जनवरी (सीआरआई) । हालै अमेरिकाले भेनेजुयलामाथि सैनिक हमला गरेको सन्दर्भमा विभिन्न मुलुकका नेतागणले जनवरी ६ का दिन अमेरिकी कारबाहीले अन्तर्राष्ट्रिय कानुनलाई ध्वस्त पार्नुका साथै भेनेजुयलाको सार्वभौमिकता र भूखण्डको अविच्छिन्नताको गम्भीर रूपमा उल्लङ्घन गरेको भन्दै अमेरिकाले एउटा निकै खतरनाक पहिलो उदाहरण स्थापना गरेको ठहर गरेका छन् ।

दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल मातामेला रामाफोसाले संयुक्त राष्ट्र सङ्घ बडापत्र र अन्तर्राष्ट्रिय कानुनलाई दक्षिण अफ्रिकाले सधैं नै समर्थन गर्दै आएको भन्दै सार्वभौमसत्ता मुलुकको स्वतन्त्रता तथा सुरक्षामाथि कुनै पनि कारबाहीको दक्षिण अफ्रिकाले विरोध गर्ने औंल्याउनुभयो । उहाँले वास्तविक रूपमा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको संरक्षण गर्ने कर्तव्य बहन गरी वर्तमान परिस्थितिबारे तत्काल कदम चाल्न संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्लाई आह्वान गर्नुभएको छ ।

स्पेनका प्रधानमन्त्री पेद्रो सान्चेजले अमेरिकाले भेनेजुयलामाथि सैनिक आक्रमण गरी राष्ट्रपति मादुरोलाई नियन्त्रण लिन चालेको कारवाहीले एउटा निकै खतरनाक पहिलो उदाहरण सिर्जना गरेको बताउनुभएको छ ।

# कम्बोडिया थाइल्यान्डसँगको युद्धविराम लागु गर्न प्रतिबद्ध : हुन सेन

नोम पेन (कम्बोडिया), ७ जनवरी (सिन्ह्वा) । सामडेक टेको सत्तारुढ कम्बोडियन पिपुल्स पार्टीका अध्यक्ष हुन सेनले बुधबार दुवै राष्ट्रका लागि शान्ति पुनर्स्थापना गर्न थाइल्यान्डसँगको युद्धविराम कडाईका साथ र पूर्ण रूपमा कार्यान्वयन गर्न कम्बोडिया प्रतिबद्ध रहेको बताउनुभएको छ ।

सिनेटका अध्यक्ष हुन सेनले कम्बोडिया र थाइल्यान्डबिच शान्ति पुनर्स्थापनाले यस क्षेत्रको शान्ति, सुरक्षा, स्थिरता र समृद्धिमासमेत योगदान पुऱ्याउने बताउनुभएको छ ।

"कम्बोडियाको तर्फबाट उहाँले सबै मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय समुदाय, विशेषगरी संयुक्त राज्य अमेरिका, जन गणतन्त्र चीन र आसियान अध्यक्षको रूपमा मलेसियाको समन्वयमा आसियान सदस्य राष्ट्रहरूको सक्रिय सहयोग र सहभागिताको लागि कृतज्ञता व्यक्त गर्नुभएको छ ।

कम्बोडिया र थाइल्यान्डले तीन हप्ताको सशस्त्र द्वन्द्वपछि सन् २०२५ डिसेम्बर-२७ मा तत्काल युद्धविराम गर्न सहमत भएका थिए ।

# ओएचसीएचआरद्वारा भेनेजुयलाको अवस्थाबारे चिन्ता व्यक्त

जेनेभा, ७ जनवरी (क्यूएनए) । मानव अधिकारका लागि उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) ले भेनेजुयलामा बढ्दो तनावपूर्ण स्थितिको बारेमा चिन्ता व्यक्त गरेको छ, । अमेरिकाले हालै गरेको सैन्य अपरेशनको परिणामस्वरूप भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरो र उहाँकी श्रीमतीलाई अपहरण गरी अमरिका लगिएको छ ।

संयुक्त राष्ट्रसङ्घका उच्चायुक्त भोल्कर टर्कका प्रवक्ता रविना शामदासानीले पत्रकार सम्मेलनमा सैन्य कारबाहीले अन्तर्राष्ट्रिय कानुनका साथै संयुक्त राष्ट्रको बडापत्रको उल्लङ्घन गरेको बताउनुभएको छ ।

भेनेजुयलामा अमेरिकी सैन्य कारबाहीले विश्वभरिका सबै राज्यहरूलाई आफू असुरक्षित भएको महसुस गराएको बताउँदै उहाँले अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गरी एकपक्षीय सैन्य हस्तक्षेपद्वारा जवाफदेहिता हासिल गर्न नसकिने बताउनुभएको छ ।

भेनेजुयलाको भविष्य भेनेजुयलाका जनताको आत्मनिर्णयको अधिकार, आफ्नो जीवन र स्रोतमाथि सार्वभौमसत्तालगायत मानव अधिकारको पूर्ण सम्मानका साथ निर्धारण गरिनुपर्ने शामदासानीले बताउनुभएको छ ।

# कृषि तथा खाद्य : आत्मनिर्भरता, ग्रामीण समृद्धि र राष्ट्रको आधारभूत शक्ति

✍ खेम शर्मा

काठमाडौँ । कृषि कुनै साधारण उत्पादन प्रणाली मात्र नभएर राष्ट्रको जीवनशक्ति हो भन्दा फरक पर्दैन । हाम्रो खानपान, संस्कृति, गाउँको अस्तित्व, रोजगारी, खाद्य सुरक्षा र आर्थिक स्वाधीनता सबैको जरो नै कृषि हो । कृषि कमजोर भयो भने गाउँ कमजोर हुन्छ, गाउँ कमजोर भयो भने समाज अस्थिर हुन्छ र समाज अस्थिर भयो भने राष्ट्र आत्मनिर्भर रहन सक्दैन । कृषि भनेको राष्ट्रलाई भोकबाट मात्र होइन, परनिर्भरताबाट जोगाउने आधार पनि हो । त्यसैले कृषि बलियो नभएसम्म राष्ट्र पनि आत्मनिर्भर हुँदैन ।

आजको यथार्थ कठोर छ । किसान परिश्रम गर्छ तर पनि उसको आम्दानी भने अनिश्चित रहन्छ । उत्पादन हुन्छ, तर मूल्य किसानले निर्धारण गर्न सक्दैन । मल, बीउ, सिँचाइ चाहिन्छ, तर समयमा र गुणस्तरसहित उपलब्ध हुँदैन । नीति बनाइन्छ, तर कार्यान्वयन ढिलो र खण्डित हुन्छ । यो स्रोतको अभाव मात्र नभई नीति, संरचना र प्रणालीको कमजोरी हो । अनुदान बाँडेर नभई, संरचना सुधारेर मात्र कृषि उठ्छ । त्यसैले यसो भन्नुपर्छ कि कृषि सङ्कट किसानको कमजोरी होइन, प्रणालीको असफलता हो ।

आत्मनिर्भरता सुरु हुन्छ, उत्पादकत्वबाट । उन्नत बीउ, माटोअनुकूल जात, जलवायु-सहनशील बाली, वैज्ञानिक खेती र प्रविधिको प्रयोगबिना उत्पादन बढ्दैन । तर, हाम्रो अनुसन्धान किसानसम्म पुग्दैन, बीउ परीक्षण कमजोर छ, विस्तार सेवा सुस्त छ । प्रविधिले उत्पादन दोब्बर बनाउन सक्छ तर प्रविधि किसानको हातमा पुग्ने बाटो भने धेरै नै जटिल छ । प्रयोगशालाबाट खेतसम्म पुग्ने प्रणाली नै परिवर्तनको मेरुदण्ड हो । प्रविधि किसानको हातमा पुगेपछि मात्र उत्पादन उकालो लाग्न सक्छ ।

सिँचाइ कृषि उत्पादनको धड्कन हो । पानी प्रशस्त भएर पनि सिँचाइ असमान छ, कतै स्रोत छ तर प्रणाली कमजोर, कतै स्रोत छ तर पहुँच छैन । सिँचाइ नहुँदा खेती मौसममा निर्भर हुन्छ, जोखिम बढ्छ, किसान बर्सेनि घाटामा जान्छ । सिँचाइलाई परियोजना होइन, राष्ट्रिय उत्पादन प्रणालीको आधार मान्नुपर्छ । साना, मध्यम र ठुला सिँचाइ संरचना एकीकृत रूपमा बनेपछि मात्रै खेती योजना बन्छ । सिँचाइबिनाको कृषि आकासे फलजस्तै हो, त्यसैले सिँचाइसँगै कृषि योजना बन्छ ।

दिगो कृषि माटो स्वास्थ्यमा मात्र टिक्छ । अत्यधिक रासायनिक मल, माटो परीक्षण अभाव, जैविक पदार्थको कमी र संरक्षणले उर्वराशक्ति घट्दै छ । माटो कमजोर हुँदा उत्पादन घट्छ तर उता लागत भने बढ्छ । यसबाट किसान निराश हुन्छ । माटोको संरक्षण दीर्घकालीन राष्ट्रिय सम्पत्ति संरक्षण हो । माटो परीक्षण, सन्तुलित मल प्रयोग, जैविक पदार्थ थप्ने अभ्यास, बाली चक्र परिवर्तन बिना टिकाउ कृषि सम्भव छैन । माटो जोगाइएन भने स्वभावत: खेती पनि जोगिँदैन ।

आधुनिक कृषि प्रणालीको प्रवेशद्वार हो यान्त्रीकरण र सीप । हातमा मात्र आधारित खेतीले सीमित उत्पादन दिन्छ । मेसिन, सानो सिँचाइ प्रविधि, हरितगृह, आधुनिक कटानी, बाली सङ्कलन, स्मार्ट खेतीबिना प्रतिस्पर्धा सम्भव छैन । तर, यान्त्रीकरण महँगो छ, वित्त पहुँच कठिन छ, तालिम सीमित छ । नेपालवाद किसानलाई श्रमिक मात्र होइन, कृषि उद्यमीका रूपमा उभ्याउने पक्षमा छ । किसान सीपयुक्त भयो भने खेती व्यवसाय बन्छ ।

हाम्रो कृषिको सबैभन्दा कमजोर कडी हो भण्डारण र चिस्यान । उत्पादन प्रशस्त हुँदा पनि सुरक्षित भण्डारण नहुँदा फलफूल, तरकारी र अन्न नष्ट हुन्छन्, मूल्य अस्थिर बन्छ, किसान घाटामा जान्छ । उत्पादन जोगाउन नसक्नु, उत्पादन गर्न नसक्नु जत्तिकै ठुलो कमजोरी हो । भण्डारण गृह, चिस्यान केन्द्र, अन्न भण्डार, फसल बीमा यी सबै कृषि मूल्य शृङ्खलाका अनिवार्य आधार हुन् । त्यसैले पनि उत्पादन जोगाउन सक्ने राष्ट्र मात्र आत्मनिर्भर हुन्छ भनिएको हो ।

किसानको वास्तविक शक्ति हो बजारमा पहुँच । तर, दलाल-केन्द्रित मूल्य निर्धारण, कमजोर स्थानीय बजार, महँगो ढुवानी र अपारदर्शी व्यापार प्रणालीले किसानलाई कमजोर बनाएको छ । किसान-बजारसँग प्रत्यक्ष जोडिन चाहन्छन् तर परिस्थिति त्यस्तो छैन । सहकारी, सङ्कलन केन्द्र, पारदर्शी मूल्य सूचना, करार खेती, डिजिटल व्यापारजस्ता संरचनाबाट किसानलाई मूल्य निर्धारणको केन्द्रमा ल्याउनुपर्छ । किसानले मूल्य नपाएसम्म कृषि न्याय हुँदैन ।

खाद्य आपूर्ति शृङ्खला राष्ट्रको पेट हो । खेतदेखि भान्सासम्म दूध, मासु, अन्न, तरकारी सुरक्षित, छिटो र स्वच्छ रूपमा पुग्नुपर्छ । आपूर्ति शृङ्खला कमजोर हुँदा कहिले अभाव, कहिले मूल्यवृद्धि, कहिले गुणस्तर समस्या देखिन्छ । खाद्य आपूर्तिलाई राष्ट्रिय सुरक्षा सरह प्राथमिकता दिनुपर्छ, किनकि भोको नागरिकले राष्ट्र निर्माण गर्न सक्दैन । खाद्य आपूर्ति कमजोर भयो भने राष्ट्र कमजोर हुन्छ ।

अब भविष्यको बाटो दिगो र जैविक कृषि हो । रासायनिक निर्भरता घटाउने, पानी बचत प्रविधि, जैविक प्रमाणीकरण, हरित बजार, जलवायु-स्मार्ट खेतीले मात्र दीर्घकालीन उत्पादन सुनिश्चित गर्छ । यो विकल्प होइन भविष्य हो । किसानको स्वास्थ्य, उपभोक्ताको स्वास्थ्य र वातावरण तीनैलाई सन्तुलनमा राख्ने रणनीति यही हो । कृषि दिगो भयो भने राष्ट्र दिगो हुन्छ ।

खाद्य सुरक्षा उत्पादन मात्रै होइन पोषण, पहुँच, संरक्षण र सङ्कट व्यवस्थापन हो । बाढी, सुक्खा, महामारी वा बजार सङ्कटमा नागरिक भोकै बस्नु राष्ट्रको सबैभन्दा ठुलो असफलता हो । नेपालवाद खाद्य सुरक्षा र पोषणलाई राष्ट्रिय सुरक्षाको स्तरमा राख्छ, ताकि सङ्कटमा पनि नागरिक सुरक्षित रहून् । भोकमुक्त राष्ट्र मात्र स्वतन्त्र राष्ट्र हो ।

कृषि उठ्यो भने गाउँ उठ्छ, गाउँ उठ्यो भने समाज स्थिर हुन्छ, समाज स्थिर भयो भने राष्ट्र आत्मनिर्भर बन्छ । नेपाल अब परनिर्भर कृषि होइन, आधुनिक, दिगो, उत्पादनशील र प्रतिस्पर्धी कृषि राष्ट्र बन्न सक्छ । यही नेपालवादको कृषिप्रतिज्ञा हो । नेपाल उत्पादन गर्छ, नेपाल खान्छ र नेपाल आत्मनिर्भर बन्छ । यसका लागि निम्न विषयहरूमा थप जोड दिँदा राम्रो हुनेछ ।

**कृषि नीति तथा उत्पादन वृद्धि रणनीति**

कृषिमा सुधार टुक्रे कार्यक्रम होइन १५-२० वर्षको दीर्घकालीन दृष्टि हो । माटो, हावापानी र भूगोलअनुसार बालीको क्षेत्र निर्धारण, व्यावसायिक खेती करिडोर, उत्पादन लक्ष्य र जोखिम व्यवस्थापन स्पष्ट हुनुपर्छ । नीति स्पष्ट भए किसानको के रोप्ने भन्ने अन्योल हट्छ । लगानी सही ठाउँमा जान्छ र बजारसमेत अनुशासित हुन्छ । उत्पादन वृद्धि सिँचाइ, बीउ, माटो, बजार र भण्डारण एकै शृङ्खलामा बाँध्दा मात्रै सम्भव हुन्छ । दृष्टि स्पष्ट भयो भने खेतले दिशा पाउँछ ।

**उन्नत बीउ, प्रविधि तथा आधुनिक खेती प्रणाली**

बीउ केवल दाना होइन उत्पादनको भविष्य हो । गुणस्तरीय बीउ, रोग-प्रतिरोधी जात, माटो-अनुकूल बाली, खेतीमा रोग पहिचान, मौसम सूचना र कृषि परामर्श किसानसम्म सजिलो ढङ्गले पुग्नुपर्छ । अनुसन्धान प्रयोगशालामा सीमित भयो भने किसानको खेत उही पुरानै रहन्छ । नमुना खेत, किसान, मैदान विद्यालय, स्थानीय बीउ बैङ्क र प्रमाणीकरण प्रणालीले उन्नत बीउको भरोसा बढाउँछ । बीउ गुणस्तरीय भयो भने खेतले भविष्य उमार्छ ।

**सिँचाइ सुविधा विस्तार तथा पानी व्यवस्थापन**

सिँचाइबिना कृषि जोखिम हो । नहर मर्मत, लिफ्ट सिँचाइ, साना जलाशय, पानी सञ्चित गर्ने संरचना र सूक्ष्म सिँचाइ प्रविधिले पानीलाई योजनाअनुसार चलाउन सकिन्छ । पानी वितरण न्यायपूर्ण र अनुशासित भए किसानले बाली चक्र मिलाउँछ, उत्पादन स्थिर हुन्छ र घाटा घट्छ । पानीको नक्सा, प्राथमिकता क्षेत्र र स्थानीय सहभागितासहित सिँचाइलाई राष्ट्रिय उत्पादन प्रणाली बनाउनु आवश्यक छ । पानी चलेपछि खेत पनि बोल्न थाल्छ अनि किसान पनि बाँच्दछ ।

**माटो स्वास्थ्य संरक्षण तथा मल-बीउको नियमित उपलब्धता**

माटो थाक्यो भने खेती थाक्छ । माटो परीक्षण, सन्तुलित मल प्रयोग, जैविक पदार्थ थप्ने अभ्यास, बाली चक्र परिवर्तन र क्षरण रोक्ने काम अनिवार्य छन् । मल र बीउको नियमित, पारदर्शी र गुणस्तरीय आपूर्तिले किसानलाई अनिश्चितताबाट निकाल्छ । डिजिटल ट्र्याकिङ, किसान परिचयपत्रमार्फत लक्षित वितरण र स्थानीय बीउ/मल केन्द्रले समयमै उपलब्धता सुनिश्चित गर्छ । माटो बच्यो भने कृषि बच्छ, कृषि बच्यो भने राष्ट्र बच्छ ।

**कृषि यान्त्रिकीकरण, सीप विकास तथा किसान प्रशिक्षण**

कृषि अब श्रमको घोटाइ होइन कि दक्षतामा आधारित व्यवसाय बन्नुपर्छ । भूगोलअनुसार उपयुक्त मेसिन, सहकारीमार्फत साझा मेसिन केन्द्र, मर्मत-कार्यशाला र तालिमले यान्त्रिकीकरण सुलभ बनाउँछ । किसानलाई मेसिन चलाउन, लागत गणना गर्न, उत्पादन योजना बनाउन र बजार बुझ्न सिकाएपछि खेती व्यवसाय बन्छ । युवालाई कृषि प्रविधिमा जोड्दा गाउँमै रोजगारी र उत्पादन दुवै बढ्छ । सीप र उपकरण मिलेपछि किसान उद्यमी बन्छ ।

**भण्डारण संरचना, चिस्यान केन्द्र तथा फसल-सुरक्षा प्रणाली**

भण्डारणबिना उत्पादन अधुरो छ । अन्न भण्डार, चिस्यान केन्द्र, पूर्व-चिस्याउने सुविधा, ढुवानीका चिस्यान साधन र फसल बीमाले नोक्सानी घटाउँछ । उत्पादन धेरै हुँदा मूल्य ढल्छ, त्यसलाई सम्हाल्न भण्डारण र बफर भण्डार आवश्यक हुन्छ । किसानले उत्पादन जोगाउन सकेपछि मात्र बजारसँग सौदाबाजी गर्न सक्छ । फसल जोगियो भने किसानको वर्ष जोगिन्छ ।

**बजार पहुँच, मूल्य स्थिरता तथा किसान आय-सुरक्षा**

किसानको सबैभन्दा ठुलो प्रश्नमूल्य कति भन्ने नै हो । न्यूनतम समर्थन मूल्य, करार खेती, सहकारीमार्फत सङ्कलन/बिक्री, पारदर्शी मूल्य सूचना र ढुवानी सहजीकरणले किसानलाई मूल्य अनिश्चितताबाट निकाल्छ । बजारमा दलाली घटाउन किसानबजार प्रत्यक्ष जडान र मूल्य जानकारी खुला हुनुपर्छ । आय स्थिर भयो भने किसानले जोखिम लिन सक्छ, प्रविधि अपनाउन सक्छ र उत्पादन बढाउँछ । मूल्य स्थिर भयो भने किसान निडर बन्छ ।

**दूध, मासु, तरकारी तथा अन्न आपूर्ति शृङ्खला सुधार**

आपूर्ति शृङ्खला बिग्रियो भने किसान घाटामा र उपभोक्ता महँगोमा पर्छ । दुग्ध चिस्यान केन्द्र, मासु/दूधको गुणस्तर परीक्षण, अन्न भण्डार, चिस्यान ढुवानी र बजारमा स्वच्छ वितरण प्रणालीले खाद्य सुरक्षालाई बलियो बनाउँछ । किसान-प्रशोधन-बजार एउटै शृङ्खलामा जोड्दा नोक्सानी घट्छ र मूल्य स्थिर हुन्छ । आपूर्ति शृङ्खला बलियो भयो भने कृषि इन्जिन बन्छ ।

**जैविक खेती, हरित उत्पादन तथा दिगो कृषि अभ्यास**

रासायनिक निर्भरता घटाउँदै माटो, पानी र स्वास्थ्य जोगाउनु अब बाध्यता हो । जैविक मल, कीरा-व्यवस्थापनका सुरक्षित उपाय, पानी बचत प्रविधि, प्रमाणीकरण र हरित बजारको संरचना बनेपछि जैविक खेती जोखिम होइन अवसर बन्छ । यसले किसानको स्वास्थ्य, उपभोक्ताको विश्वास र निर्यात सम्भावना बढाउँछ । स्वस्थ माटो र स्वस्थ खाना नै राष्ट्रको दीगो शक्ति हो ।

**खाद्य सुरक्षा, पोषण सन्तुलन तथा जोखिम व्यवस्थापन**

खाद्य सुरक्षा भनेको अन्न मात्रै होइन - पोषण र सङ्कट व्यवस्थापन पनि हो । बाढी-सुक्खा-महामारीमा पनि आपूर्ति निरन्तर राख्ने बफर भण्डार, आपत्कालीन खाद्य बैङ्क, जोखिम पूर्वानुमान र वितरण प्रणाली चाहिन्छ । बालबालिका, गर्भवती महिला र वृद्धका लागि पोषण कार्यक्रम खेतसँगै जोडिनुपर्छ । खाद्य सुरक्षा भनेको राष्ट्रको आधार सुरक्षित हुनु हो ।

यो पृष्ठभूमिमा हरेक किसानले आफ्नो क्षेत्रका नेता तथा जनप्रतिनिधिहरूलाई कृषि तथा खाद्यसम्बन्धी निम्न प्रश्नहरू सोध्न र त्यसको जवाफ पनि प्राप्त गर्ने अधिकार राख्दछन् ।

१) पहिलो एक वर्षमा कृषिमा जनताले देख्ने तीन ठोस नतिजा के हुन् र प्रत्येकको समयसीमा के हो ?
२) मल-बीउ समयमै र गुणस्तरीय रूपमा प्रदान गर्ने ठोस व्यवस्था के हो र अनियमितता भए कारबाही कसरी हुन्छ ?
३) सिँचाइ विस्तारमा पहिलो चरणका पालिका/क्षेत्र कुन हुन् र बजेट, जनशक्ति र मर्मत कसरी सुनिश्चित गर्नुहुन्छ ?
४) माटो परीक्षण र सन्तुलित मल कार्यक्रम छ महिनाभित्र कहाँ-कहाँ सुरु हुन्छ र किसानले रिपोर्ट कसरी हेर्न पाउँछन् ?
५) किसानलाई मेसिन/तालिम सुलभ बनाउन सहकारी मेसिन केन्द्र कहिले उपलब्ध हुन्छ र कति जिल्लाबाट सुरु हुन्छ ?
६) भण्डारण/चिस्यान केन्द्र कहाँ कहाँ बन्छ र किसानले शुल्क कति तिर्नुपर्छ ?
७) किसानको आय सुरक्षाका लागि न्यूनतम समर्थन मूल्य/करार खेती/सहकारी बजार– पहिलो वर्ष के के लागू हुन्छन् ?
८) दलाली र अपारदर्शी मूल्य रोक्न खुला मूल्य सूचना र किसान-बजार प्रत्यक्ष जडान कहिले सुरु हुन्छ ?
९) दूध, मासु, तरकारी, अन्नको आपूर्ति शृङ्खला सुधारमा मुख्य ३ काम के हुन् ?
१०)बाढी/सुक्खा/कीरा महामारीमा फसल-जोखिम व्यवस्थापन र बीमा कसरी गरिन्छ र पीडितले कति दिनभित्र राहत पाउँछ ?
११) उक्त समय सीमाभित्र उत्पादन/मूल्य/भण्डारण/सिँचाइमा सुधार देखिएन भने तपाईंको जवाफदेहिता के हो ?

*(शर्मा सरसफाइ तथा प्रकृति संरक्षण सम्बन्धी अभियन्ता हुनुहुन्छ ।)* **रासस**

---

***युवाहरू...***

हाल औपचारिक कार्यक्रमहरू, आर्थिक अभियानहरू व्यवस्थित गर्न व्यस्त केही समितिहरू आफ्ना प्रारम्भिक सङ्गठनहरूसँग काम गर्न खासै प्रयास गरिरहेका छैनन्, केही पदाधिकारीहरू केवल आफ्ना कार्यालयहरूमा मात्रै सिमित रहने, टेलिफोन तथा कागजपत्रका आफ्ना काम गर्नमा समय व्यतीत गर्ने, यो वा त्यो काम गर्न प्रारम्भिक सङ्गठनहरूलाई खटाउनेजस्ता कार्य गर्दै आइरहेका छन् । उनीहरूले प्रारम्भिक सङ्गठनका कार्यहरूलाई बेवास्ता गरेको अवस्थामा प्रारम्भिक सङ्गठनहरू कमजोर बन्छन् र उचित तरिकाले आफ्नो भूमिका निभाउन सक्दैनन् । परिणामत: समग्रमा युवा लिग नै कमजोर र प्रभावविहीन बन्छ ।

सबै तहका युवा लिगका समितिहरू आफ्ना मातहतका प्रारम्भिक सङ्गठनहरूसँगको सहकार्यमा पुरानो तरिकाले र आराम मेच शैलीबाट मुक्त हुनुपर्दछ र सङ्गठनहरूलाई मार्गनिर्देशन गर्ने र सहयोग गर्ने कार्यलाई सशक्त पार्न निर्णायक कदम चाल्नुपर्दछ । आफ्नो मार्ग निर्देशनको सबैभन्दा तल्लो एकाइका रूपमा रहेका नगर तथा गाउँ युवालिग समिति भूमिका बढाउन र मूख्यत: प्रारम्भिक सङ्गठनहरूसँग व्यवहार र सम्बन्ध बढाउन यसको विशेष महत्त्व रहने गरेको छ ।

सबै तहका युवा लिग समितिका पदाधिकारीहरूले प्रारम्भिक सङ्गठनहरूमा नियमित रूपमा सम्पर्क गर्ने र उनीहरूलाई सहयोग गर्ने नियम नै बनाउनुपर्दछ । प्रारम्भिक सङ्गठनहरूको स्थितिलाई विस्तृत्रतमा अध्ययन गर्ने र कुनै पनि समस्या समाधान गर्न उनीहरूलाई सहयोग गर्नुपर्दछ । यसरी उनीहरूले प्रारम्भिक पदाधिकारीहरूलाई प्रोत्साहित गर्नुपर्दछ र महत्त्वपूर्ण तरिकाले सहयोग गर्नुपर्दछ ।

युवा लिगका प्रारम्भिक पदाधिकारी पङ्क्तिलाई सशक्त पार्नुपर्ने हुन्छ । उनीहरूले पार्टीप्रति बफादार युवा युवतीहरूलाई मानसिक र नैतिक रूपमा तयार पार्नुपर्दछ र साङ्गठनिक जीवनमा र आफ्ना क्रान्तिकारी कार्यभारको कार्यान्वयनमा उदाहरण बनाउनुपर्दछ । आफ्ना योग्यता सुधार गर्न उनीहरूले प्रभावकारी तरिकाले काम गर्नुपर्दछ ।

युवा लिगका कार्यहरूमाथि पार्टी मार्गनिर्देशनलाई सबलिकृत बनाउनुपर्दछ ।

हाम्रो पार्टीले युवा लिगका कार्यक्रमलाई पार्टी कार्यक्रमहरू जत्तिकै महत्त्व दिन्छ । युवाहरूलाई विशेष महत्त्व दिनु हाम्रो पार्टीको अविचलित नीति तथा अनन्त राजनैतिक कार्यदिशा हो ।

पार्टी सङ्गठनहरूले पनि युवा लिग सङ्गठनका काम कारबाहीहरूलाई पार्टी कार्यकै एउटा भागको रूपमा विशेष ध्यान दिनुपर्दछ । उनीहरूले नियमित रूपमा युवा लिग सङ्गठनका कामहरूसँग आफूलाई परिचित गराउँदै लानुपर्दछ र उनीहरूका कार्यमा आएको विचलनलाई सच्याउनु पर्दछ र जिम्मेवार तरिकाले समस्याको समाधान गर्नुपर्दछ ।

उनीहरूले युवा लिगका प्रारम्भिक सङ्गठनहरूमा आत्मनिर्भरता र सृजनालाई प्रोत्साहित गर्नुपर्दछ । प्रत्येक अवधिमा पार्टीका नीतिहरूबारे सुसूचित गर्नुपर्दछ, ताकि त्यहाँका पदाधिकारीले कार्य योजना तयार पार्ने र पार्टीको चाहनाअनुसार सक्रिय तरिकाले कार्यान्वयन गराउनुपर्दछ । निडर र सबल भएर उनीहरूले प्रारम्भिक सङ्गठनहरूलाई महत्त्वपूर्ण कामको जिम्मेवारी सुम्पनु पर्दछ र उनीहरूलाई समग्रमा आफ्नै प्रयासमा भरपर्ने बनाउनुपर्दछ । उनीहरूले युवाका सृजनात्मक विचारलाई सक्रियतापूर्वक सहयोग गर्नुपर्दछ र यथार्थमा रूपान्तरण गर्न सहयोग गर्नुपर्दछ । उनीहरूले स्वतन्त्र क्रियाकलापका लागि प्रारम्भिक सङ्गठनहरूलाई पर्याप्त परिस्थिति प्रदान गर्नुपर्दछ ।

इज्जत तथा गर्वको उच्च भावनाको साथ काम गर्नसकून् भनी युवा लिगका प्रारम्भिक पदाधिकारीहरूलाई उनले विशेष महत्त्व तथा प्राथमिकता दिनुपर्दछ र क्रान्तिकारी तरिकाले दिक्षित पार्न र व्यवहारिक कार्यमा प्रशिक्षित गर्न उनीहरूलाई बेला बेलामा भेट्ने गर्नुपर्दछ । उनीहरूले प्रारम्भिक पदाधिकारीहरूलाई युवा लिगका कार्यमा उदाहरण बन्ने उत्कृष्ट पदाधिकारीहरू पार्टीलाई बुझाउनुपर्दछ र पार्टी पदाधिकारीको रूपमा विकास गराउनुपर्दछ ।

पार्टीको वरिपरि दृढ रूपमा गोलबद्ध वन्दै, पार्टीको विचारप्रति निष्ठा राख्दै, इच्छाशक्ति र निरन्तरताका साथ पार्टीलाईअनुशरण गर्ने उत्तराधिकारीहरूको ठुलो लर्को हाम्रो साथमा छ । हामी केही र कसैसँग डराउनुपर्ने अवस्था छैन र हामीले गर्न नसक्ने पनि कुनै कुरा छैन । र अन्तिम विजय प्राप्त गर्न हामी सुनिश्चित छौँ ।

पार्टी नेतृत्वको मातहतमा सन्गुन क्रान्तिकारी ध्येय पूरा गर्नको लागि युवाहरूले ऐतिहासिक अग्रगामी मार्चमा युवा अग्रदस्ताको रूपमा आफ्ना साहसिक उत्साहपूर्ण रूपमा प्रदर्शित गर्नेछ भन्ने कुरामा मलाई दह्रनो विश्वास छ ।

***-समाप्त***

# हार्दिक समवेदना



जन्म
१९९५/११/१२

निधन
२०८२/०९/२१

**बिकु नारायण माक**

यस संस्थाका अध्यक्ष राजभाइ माकका पूजनीय पिता तथा यस संस्थाका सदस्यता नं. १०२५ का सदस्य **बिकु नारायण माक**को स्वर्गारोहण भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गत आत्माले वैकुण्ठबास होस् भनी चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

जगाती-७, भक्तपुर

# आचारसंहितामा नयाँ बुँदा

काठमाडौँ, २३ पुस । निर्वाचन आयोगले निर्वाचन आचारसंहितामा सञ्चारसम्बन्धी नयाँ बुँदा थप गरेको छ ।

आयोगले बुधबार कार्यक्रम गरी निर्वाचन प्रचारप्रसार निषेध अवधिमा कुनै पनि प्रकारका छलफल, अन्तर क्रिया, सभासम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नपाइने, कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने व्यवस्था थप गरेको जानकारी गराएको छ ।

नयाँ प्रावधानअनुसार, अनलाइनमाध्यमको निर्वाचन प्रचारप्रसार खर्चको विवरणसमेत निर्वाचन खर्चमा समावेश गर्नुपर्ने, राजनीतिक दल, उम्मेदवार तथा दलका भ्रातृ सङ्गठनले अनलाइन सञ्चारमाध्यमबाट गर्ने प्रचारप्रसारलाई व्यवस्थित गरी त्यस्तो खर्चलाई निर्वाचन खर्च विवरणमा समावेश गर्नुपर्ने व्यवस्था राखिएको छ ।

त्यस्तै, थपिएको नयाँ बुँदामा संविधानद्वारा प्रत्याभूत पूर्ण प्रेस स्वतन्त्रता र यसको स्वनियमनलाई आन्तरिकीकरण गरिएको उल्लेख छ । सामाजिक सञ्जालको परिभाषालाई विस्तृत सामाजिक सञ्जाल प्लेटफर्मको परिभाषामा गरिएको छ भने बदलिँदो समयमा आर्टिफिसियल इन्टिलिजेन्स (एआई) को प्रयोग गरी हुने आचारसंहिताको उल्लङ्घनका विषयलाई समेटिएको छ ।

पत्रपत्रिकाका माध्यमबाट प्रचारप्रसार गर्दासम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने व्यवस्था गरिएको र अनलाइन सञ्चार माध्यमबाट रोड ब्लक, कन्टेन्ट ब्लक, होमपेज, व्यानर, डिटेल पेज व्यानर, बक्स विज्ञापन ( समाचारको बिचमा) का माध्यमबाट निर्वाचन प्रचारप्रसार गराउनसक्ने व्यवस्था मिलाइएको छ ।

# हार्दिक समवेदना



जन्म
१९९५/११/१२

स्वर्गारोहण
२०८२/०९/२१

**बिकु नारायण माक**

हाम्रो यस G 15 समूहका सदस्य राजभाइ माकका पूजनीय पिता **बिकु नारायण माक**को दु:खद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**G 15 समूह**

कृष्णसुन्दर मचामसी
लक्ष्मण ग्वाछा
श्यामसुन्दर शिल्पकार
विश्वराम ख्याजु
नवीनकुमार ग्वाछा
पुण्यराम न्हुछें
लक्ष्मण लोहला
श्यामकृष्ण कोजु
शिवकुमार त्वायना
केशव शिवहरि
रोशन कोजु
राधेश्याम ख्याजु
राजेश तुईतुई
शिवसुन्दर त्वायना
सुविन ग्वाछा

*सामाजिक...*

प्रहरी नायब उपरीक्षक, २४ प्रहरी निरीक्षक, ११ प्रहरी वरिष्ठ नायब निरीक्षक, २४ प्रहरी नायब निरीक्षक, ५१ प्रहरी सहायक निरीक्षक, सात प्रहरी वरिष्ठ हवल्दार, ३५ प्रहरी हवल्दार, ७६ सहायक हवल्दार, ३५८ प्रहरी जवान र कार्यालय सहयोगी दुईजना रहेका छन् ।

उनीहरूलाई सङ्गठनको नीतिविपरीत कार्य गरेकोमा सखत चेतावनी, नसिहतदेखि बढुवा रोक्कासम्मको कारबाही गरिएको उहाँले जानकारी दिनुभयो । नेपाल प्रहरीले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउन २०७१ मा परिपत्र गरी सामाजिक सञ्जालको व्यवस्थित प्रयोग गर्नेसम्बन्धी निर्देशिका जारी गरेको थियो ।

नेपाल प्रहरीका कर्मचारीले पालना गर्नुपर्ने आचारसंहितासम्बन्धी कार्यदिश २०७७ एवम् प्रहरी प्रधान कार्यालयबाट विभिन्न मितिमा गरिएका परिपत्रहरूमा समेत प्रहरीले सामाजिक सञ्जालमा गैरव्यावसायिक र अमर्यादित आचरण प्रदर्शन नगर्न भनिएको थियो ।

# हार्दिक समवेदना



जन्म
१९९५/११/१२

स्वर्गारोहण
२०८२/०९/२१

**बिकु नारायण माक**

यस निहाउ ग्रुपका सदस्यद्वय राजभाइ माक र राजकुमार माकका पूजनीय पिता **बिकु नारायण माक**को दु:खद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**निहाउ ग्रुपका साथीहरू**

पुण्यराम बखाद्यो
विष्णुनारायण ग्वाछा
बालकृष्ण पौं
बलराम पौं
लहरमान ग्वाछा
रामप्रसाद किसि
कृष्णभक्त ग्वाछा
नारायणभक्त किसि
कृष्णगोपाल राजचल
कृष्णगोविन्द मचामसी
रामप्रसाद लागे
नारायणबहादुर शिल्पकार
दिनेश बखाद्यो
लक्ष्मण कवां
जितबहादुर ग्वाछा
केशव त्वायनाबासु
रामकृष्ण दुमरु
लक्ष्मीप्रसाद लाखा

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा